जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५२७४९१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com



वर्ष २७ •अंक २९३ • २०८२ साल चैत ९ गते सोमबार (23 March, Monday, 2026) •पृष्ठ ८ •मूल्य रु. ५।-

## प्रमुख सचेतकको सुविधाबाट वञ्चित गरेको भन्दै हर्कको आपत्ति




**टुडे समाचारदाता**

काठमाण्डु । हर्क साम्पाङ नेतृत्वको श्रम संस्कृति पार्टी र राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) का प्रमुख सचेतकले राज्यबाट सुविधा नपाउने भएका छन् ।

फागुन २१ गते भएको प्रतिनिधिसभा सदस्य निर्वाचनमा श्रम संस्कृति पार्टीले प्रत्यक्षमा तीन र समानुपातिकमा चार गरी सात सिट जितेको छ भने राप्रपाले प्रत्यक्षमा एक र समानुपातिकमा चार गरी पाँच सिट जितेको छ ।

यद्यपी यी दुबै पार्टीले राष्ट्रिय दलको मान्यता पाए पनि पार्टीका प्रमुख सचेतकले भने सरकारबाट पाउँदै आएको सेवा सुविधा लिन नपाउने भएका छन् ।

संघीय संसद सचिवालयले जनाए अनुसार कुनै पनि पार्टीका प्रमुख सचेतकले संसदबाट सुविधा लिन कम्तिमा १० जना सांसद हुनुपर्छ। श्रम संस्कृति र राप्रपाले सुविधा प्राप्त गर्न उक्त सीमा पार गर्न सकेनन् ।

संघीय संसद् सचिवालयका सहसचिव कान्छा दुलालले जनाए अनुसार संघीय संसद्का पदाधिकारी तथा सदस्यहरूको पारिश्रमिक र सुविधासम्बन्धी ऐन २०७३ अनुसार १० जना सदस्य रहेको दलले मात्रै प्रमुख सचेतकको सुविधा पाउँछन् ।

संघीय संसद्का पदाधिकारी तथा सदस्यहरूको पारिश्रमिक र सुविधासम्बन्धी ऐनको अनुसूची २ अनुसार दलको प्रमुख सचेतकले सवारी सुविधा र प्रथम स्तरको दुई जना सवारीचालक प्राप्त गर्ने उनले बताए ।

राष्ट्रिय मान्यता प्राप्त गर्न प्रत्यक्षतर्फ कम्तिमा एउटा सिट जितेको र समानुपातिकतर्फ कम्तीमा ३ प्रतिशत मत प्राप्त गरेको हुनुपर्छ । यस्तो थ्रेसहोल्ड पार गरे पनि प्रमुख सचेतकको सुविधा पाउन १० जना भन्दा बढी सांसद भएको दल हुनुपर्ने व्यवस्था गरिएको छ ।

संसद्मा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का १८२, कांग्रेसका ३८, एमालेका २५ र नेपाली कम्युनिस्ट पार्टीका १७ जना सांसद छन् । यी चार दलका प्रमुख सचेतकले भने सुविधा पाउनेछन् ।

यता श्रम संस्कृति पार्टीका अध्यक्ष हर्क साम्पाङ राईले पार्टीलाई कुनै सुबिधा नदिने भए मन्त्रीहरुले पनि सुबिधा लिन नपाउने बताएका छन् ।

### दुई समुदायको विवाद समाधानमा दलहरू एकजुट
# चैती दशैंदेखि परीक्षासमेत प्रभावित

**टुडे समाचारदाता**

जनकपुरधाम । लुम्बिनी प्रदेशको कपिलवस्तुमा शनिबार बिहानैदेखि शुरु भएको हिन्दू-मुस्लिम समुदायबीचको विवाद अझै पनि साम्य हुन सकेको छैन । तर दलहरूले दुई समुदायबीचको विवाद समाधानका लागि अगुवाइ गरेपछि प्रदर्शन तथा कुनै पनि अप्रिय घटना घटेका छैनन् ।

सर्वदलीय बैठकमा सबै दलले साम्प्रदायिक गतिविधि बढ्न नदिन प्रतिबद्धता व्यक्त गरेको छ। शनिबारदेखि जारी निषेधाज्ञा भने थपिएको छ। महाराजगञ्ज नगरपालिका क्षेत्रका केही स्थानमा आइतबार पनि स्थानीय युवाहरूले प्रदर्शन जारी राखेपछि नियन्त्रणमा लिनका लागि प्रहरीले लाठीचार्ज गरेको थियो । स्थिति नियन्त्रणमा लिन सुरक्षाकर्मी उच्च सतर्कतामा राखिएको छ।



मुस्लिम समुदायले ईद पर्व मनाइरहेका बेला शनिबार महाराजगञ्ज नगरपालिका-२ अन्तर्गत बरगदा र बहादुरगञ्ज क्षेत्रमा दुई समुदायबीच झडप भएको थियो । झडप नियन्त्रणमा लिन प्रहरीले हवाई फायर गरेको थियो। सो क्रममा गोली लागेर ४ जना घाइते भएका छन् भने केही प्रहरीसमेत घाइते भएका छन् ।

घटनापछि स्थानीय प्रशासनले शनिवार दिउँसो २ बजेदेखि अर्को आदेश नभएसम्मका लागि निषेधाज्ञा जारी गरेको थियो। हिजोदेखि सुरु भएको उक्त निषेधाज्ञा आज सकिएपछि लगत्तै शुरु गरिएको छ। शनिवार बहादुरगञ्ज क्षेत्रमा मात्रै लगाइएको निषेधाज्ञा आइतबार भने जिल्ला सदरमुकामसंगै दक्षिणी क्षेत्रमा समेत थपिएको छ।

कपिलवस्तुका प्रमुख जिल्ला अधिकारी जनार्दन गौतमले विवाद समाधानका लागि सर्वदलीय तथा सर्वपक्षीय छलफलले सहजता भएको जानकारी दिए।

प्रहरीका अनुसार चैत ७ गते मुस्लिम समुदाय मस्जिदमा नमाज पढिरहेका बेला नजिकै रहेको मन्दिरमा डिजे बजाएपछि विवाद शुरु भइ स्थिति तनावपूर्ण बन्दै जाँदा दुवै पक्षबीच झडप भएको थियो । घटनाका क्रममा केही स्थानमा मन्दिर र मस्जिदमा तोडफोडसमेत भएको जनाएको छ।

चैती दशैंको क्रममा हिन्दू समुदायले पनि मन्दिरमा विभिन्न धार्मिक कार्यक्रम गर्ने परम्परा रहेकाले दुवै पक्षबीच असमझदारी बढेको छ।

यता जिल्ला प्रशासन कार्यालय तौलिहवाले आइतबारदेखि लागु हुने गरी थप क्षेत्र समेटेर निषेधाज्ञा जारी गरेको छ। प्रमुख जिल्ला अधिकारीको आदेशअनुसार जिल्ला सुरक्षा समितिको निर्णयबमोजिम चैत ८ गते दिउँसो १ बजेदेखि अर्को आदेश नभएसम्म लागु हुने गरी निषेधाज्ञा जारी गरिएको छ।

स्थानीय प्रशासन ऐन अनुसार तोकिएको क्षेत्रमा कुनै पनि प्रकारका भेला, सभा, जुलुस तथा प्रदर्शन गर्न पूर्ण रूपमा रोक लगाइएको छ।

सात दिनको बिदा लिएर गएका प्रमुख जिल्ला अधिकारी गौतम जिल्लामा उत्पन्न विवादपछि शनिबार राती नै जिल्ला फर्केका छन् । सात दिनको बिदामा गएका उनी बिदा छोट्याएर काममा फर्केको बताए ।

त्यस्तै डिएसपी हितेन्द्रकुमार सिंह पनि बिदामा रहे पनि उनले बिदा छोट्याएर काममा आएका छन् । यता कपिलवस्तु नगरपालिकाले जिल्लामा भएको अशान्त वातावरणले विभिन्न शैक्षिक संस्थाले लिन थालेका परीक्षाहरू पनि रोकेको छ । आइतबारदेखि सम्पूर्ण परीक्षाहरू स्थगित गरिएको जनाएको छ।

## चैती छठ शुरु, आज खरना



**टुडे समाचारदाता**

जनकपुरधाम । तराई-मधेश-मिथिला क्षेत्रमा आइतबारदेखि विधिवत चैती छठ पर्व शुरु भएको छ।

चार दिनसम्म विभिन्न विधिपूर्वक मनाइने चैती छठ पर्व मधेशको पर्सा, बारा, रौतहट, सर्लाही, महोत्तरी, धनुषा, सिरहा, सप्तरी, सुनसरी, मोरङलगायत मिथिलाञ्चलभरि नै धार्मिक विधिपूर्वक शुरु भएको छ । चैती छठ मधेश प्रदेशको जनकपुरधाम, जलेश्वर, मटिहानी, सुगा, गौशाला, पिपरा, सम्सी, बर्दिबासलगायत विभिन्न क्षेत्रमा रहेका विभिन्न पोखरी, तलाउ तथा नदीसहितका किनारमा धुमधामका साथ मनाइने गरिन्छ।

सत्य अहिंसाप्रति मानवको रुचि बढाउने र सबै जीवप्रति सहानुभूति राख्न अभिप्रेरित गर्नु यस पर्वको विशेषता रहेको जनकपुरधाम उपमहानगरपालिका-४ स्थितपण्डित गणेश झाले बताए। पण्डित झाका अनुसार सूर्य उपासना परम्पराको मोहक पद्धति मानिएको संसारमा यही एक यस्तो पर्व हो, जसमा अस्ताउँदो र उदाउँदो सूर्यको पूजा गरिन्छ । पारिवारिक सुख, शान्ति, समृद्धि, शारीरिक कल्याण, रोगबाट मुक्ति तथा विभिन्न मनोकाङ्क्षा पूरा होस् भन्ने उद्देश्यले श्रद्धापूर्वक मनाइने चैती छठ पर्वका अवसरमा पोखरी, नदी, तलाउ र जलासयमा श्रद्धालु भक्तजनको घुइँचो लाग्ने गर्दछ।

चार दिनसम्म मनाइने यस चैती छठको पहिलो दिन आइतबार व्रतीहरूले नहाय खाय अर्थात् स्नान गरी खाने अर्थात् जीउ चोख्याउने काम गर्नेछन् । पर्वको दोस्रो दिन (भोलि) सोमबार खरना मनाइने छ। खरनाका दिन व्रतीहरूले दिनभरि उपवास निराहार बसेर राति छठ देवतालाई आगमनको निम्तो दिँदै कूलदेवताको पूजा गर्नेछन् र राति अरवा अरबाईन (बिना नुन हालेको) खानेकुरा खाने परम्परा रहेको छ।

त्यस्तै षष्ठीका दिन अर्थात् (मङ्गलबार) साँझ गहुँ र चामल ओखल, जाँतो वा ढिकीमा कुटान पिसान गरी सोबाट निस्केको पीठोबाट बनाइएका विभिन्न गुलियो खाद्य सामग्री ठकुवा, भुसवा, खजुरिया, पेरुकियाजस्ता पकवान र विभिन्न फलफूल तथा मूला, गाँजर, बेसारको गाँहो, भोगटे, ज्यामिरी, नरिवल, सुन्तला, केरा, नाङ्लो, कोनिया, सरवा, ढाकन, माटोको हात्ती, ठूलो ढाक्कीमा राखी परिवारका सम्पूर्ण सदस्य विभिन्न भक्ति एवं लोकगीत गाउँदै निर्धारित जलासय नजिक बनाएको छठ घाटसम्म पुग्नेछन् ।

षष्ठी (सोमबार) का दिन व्रतीहरूले सन्ध्याकालीन अर्घका लागि पानीमा पसेर सूर्य अस्ताउञ्जेलसम्म अस्ताउँदो सूर्यलाई आराधना गर्दै दुवै हत्केलामा पिठार र सिन्दुर लगाएर अक्षता फूल हालेर अन्य अर्घ सामग्री पालोपालो गरी अस्ताचलगामी सूर्यलाई अर्घ अर्पण गर्नेछन् । त्यस्तै त्यसको भोलिपल्ट अर्थात बुधबार एकाबिहानै पुनः छठघाटमा पुगी जलाशयमा पसेर अघिल्लो दिन गरेको क्रम दोहोर्याई प्रातःकालीन उदाउँदो सूर्यलाई अर्घ दिई चैती छठ पर्व सम्पन्न गर्नेछन् ।

महाभारतका अनुसार द्रोपदीसहित पाण्डवहरू अज्ञातबासमा रहँदा उक्त गुप्ताबास सफल होस् भनी सूर्यदेवलाई आराधना गरेका थिए। उक्त समयमा पाण्डवहरू मिथिलाको किरात राजाका क्षेत्रमा बास बसेको उल्लेख छ । लोक कथनबमोजिम सोही समयदेखि छठ मनाउने परम्पराको थालनी भएको हो। सूर्य पुराणअनुसार सर्वप्रथम पत्नी अनुसुइयाले छठ व्रत गरेकी थिइन् । फलस्वरुप उनले अटल सौभाग्य र परिप्रेम प्राप्त गरिन् र त्यही बेलादेखि छठ गर्ने परम्पराको सुरुआत भएको तथ्य उल्लेख गरिएको छ।


धार्मिक आस्थाका साथै सामाजिक सद्भावका रूपमा समेत विकसित छठपर्व हिन्दूको संगसँगै केही मुस्लिम समुदायले पनि मनाउने गर्छन् । यस पर्वमा चढाइने पदार्थको संख्या ७० पुर्याउनु पर्ने हुन्छ। तर चढाउने सामर्थ्य नभएकाहरूले गम्हरी धानको चामलमात्र चढाए पनि देउता प्रसन्न हुने धार्मिक विश्वास रहेको आएको छ।

## अमृत झालाई सकुशल स्वदेश फर्काउन माग

**टुडे समाचारदाता**

जनकपुरधाम। नेपाली कांग्रेसले मध्यपुर्वमा चर्किएको द्वन्द्वबाट असुरक्षित नेपालीलाई सुरक्षाको व्यवस्था गर्न सरकारको ध्यानाकर्षण गराएको छ।

काठमाण्डुमा आइतबार सम्पन्न केन्द्रीय समिति बैठकले इरानी सेनाद्वारा नियन्त्रणमा लिइएका नेपाली नागरिक अमृत झालाई स्वदेश फर्काउन माग



गरेको छ।

'मध्यपूर्वमा चर्किएको युद्द सम्बन्धमा यस बैठक विश्व शान्तिको अनिवार्य आवश्यकतालाई महसुस गर्दै युद्दको अन्त्य हुने अपेक्षा गर्दछ। युद्दग्रस्त क्षेत्रमा लाखौं नेपालीहरू असुरक्षित छन् ।

तीनको आवश्यक सुरक्षा व्यवस्था मिलाउन काग्रेस सरकारको ध्यानाकर्षण गराउन चाहन्छ,' पार्टी प्रवक्ता देवराज चालिसेले जारी गरेको विज्ञप्तिमा भनिएको छ, 'युद्दको क्रममा होर्मुज क्षेत्रको बन्दर अब्बास बन्दरगाहमा इरानी सेनाद्वारा नियन्त्रणमा लिइएका नेपाली नागरिक अमृत झालाई सकुशल मुक्त गरी स्वदेश फर्काउन यो बैठक नेपाल सरकारसँग माग गर्दछ।'



## वर्षासँगै ह्वात्तै घट्यो वायु प्रदूषण

काठमाण्डु । शुक्रबारदेखि मुलुकका अधिकांश स्थानमा परेको वर्षासँगै वायु प्रदूषण उल्लेखनीय रूपमा घटेको छ ।

एयर क्वालिटी इन्डेक्स (एक्युआई) को तथ्याङ्क विश्लेषण गर्दा, सात दिनअघि मात्र वायु प्रदूषण १७८ एक्युआई पुगेर काठमाडौं विश्वकै दोस्रो प्रदूषित सहरको सूचीमा थियो । आइतबार भने वायु प्रदूषण घटेर ६० एक्युआईमा झरेको छ । योसँगै काठमाडौं विश्वका प्रदूषित सहरको सूचीमा ६७औं स्थानमा छ । एक्युआई मापदण्डअनुसार ० देखि ५० सम्म 'राम्रो' मानिन्छ भने ५१ देखि १०० सम्म 'सचेत रहनुपर्ने' श्रेणीमा पर्छ । एक सय एकदेखि १५० 'अस्वस्थ' मानिन्छ, जसले विशेष गरी श्वासप्रश्वास तथा मुटुरोगीलाई असर गर्नसक्छ । यस्तै १५१ देखि २०० 'सबैका लागि अस्वस्थ', २०१ देखि ३०० 'धेरै अस्वस्थ' र ३०० भन्दा माथि 'अत्यन्त खतरनाक' मानिन्छ ।

वातावरण विभागका महानिर्देशक ज्ञानराज सुवेदीले शुक्रबार र शनिबार हावाहुरिसहित परेको वर्षाका कारण वायु प्रदूषण घटेको बताउनुभयो । उहाँका अनुसार वर्षाले हावामा रहेका धुलो तथा प्रदूषणका कणलाई जमिनमा झार्न मद्दत गर्छ भने हावाहुरीले ती कणलाई उडाएर अन्यत्र लैजाने हुँदा प्रदूषण कम हुन्छ । "यदि लामो समयसम्म वर्षा भएन र मौसम सुक्खा रह्यो भने वायुमण्डलमा धुलोका कण थुप्रिँदै जान्छन्", महानिर्देशक सुवेदीले भन्नुभयो, "काठमाडौं कचौरा आकारको सहर भएकाले प्रदूषण सजिलै बाहिर निस्कन सक्दैन ।"रासस

# परम्परागत ज्ञान र आधुनिक प्रविधिमार्फत हिमाली चरनभूमि संरक्षण गरिँदै

काठमाण्डु । परम्परागत ज्ञान र आधुनिक विज्ञानमार्फत मुलुकका उच्च हिमाली क्षेत्रमा रहेका चरनभूमिको संरक्षण गरिने भएको छ । चरनभूमिको संरक्षण गर्न 'नेपालका उच्च हिमाली चरनभूमि संरक्षणका लागि धार्मिक नेतृत्वको पुनर्जीवन' नामक चार वर्षे परियोजना सुरु गरिएको हो । यसका लागि नेपाल सरकारले विश्व वन्यजन्तु कोष (डब्लुडब्लुएफ) नेपालको सहयोगमा उक्त परियोजना बिहीबारदेखि प्रारम्भ गरेको हो ।

यस परियोजनाको उद्देश्य कर्णाली प्रदेशस्थित डोल्पाको माथिल्लो दुर्गम क्षेत्रमा रहेका उच्च हिमाली चरनभूमिको संरक्षण गर्नु तथा स्थानीयको जीविकोपार्जन सुधार गर्नु, सांस्कृतिक सम्पदाको संरक्षण तथा पर्यटन प्रवर्द्धन गर्नुलगायत रहेका छन् । संयुक्त अधिराज्यको 'डर्विन इनिसिएटिभ'मार्फत वित्त पोषित यस सहकार्यले सरोकार भएका निकायको क्षमता उपयोग गर्दै सह-व्यवस्थापनको नवीन दृष्टिकोण अपनाउने छ । जसमा स्थानीय परम्परागत ज्ञान र आधुनिक विज्ञानको समन्वय गरिने जनाइएको छ ।



सन् २०२६ लाई 'चरनभूमि तथा पशुपालकको अन्तरराष्ट्रिय वर्ष' का रूपमा मनाइँदैछ । नेपालको उच्च हिमाली चरनभूमिहरूले हजारौं वर्षदेखि प्रकृति र मानव जीवनलाई धान्दै आएका छन् । यी चरनभूमि आम्दानीको महत्वपूर्ण स्रोत हुनुका साथै जनताका लागि जल सुरक्षाको सुनिश्चिततामा महत्वपूर्ण भूमिका निर्वाह गर्नेछन् । डोल्पासहित हिमाली क्षेत्रमा यी चरनभूमिले हिउँ चितुवालगायत विविध जैविक सम्पदालाई संरक्षण गर्छन् भने आदिवासी तथा स्थानीय समुदायका लागि सामाजिक-आर्थिक जीवनरेखाको रूपमा कार्य गर्नेछन् । बढ्दो मानवीय दबाब तथा जलवायु परिवर्तनका प्रभावले यी चरनभूमि प्रत्यक्ष जोखिममा परिरहेका छन् ।

डब्लुडब्लुएफ नेपालले देशका दुर्गम क्षेत्रमा रहेका वञ्चित समुदायसँग काम गर्ने सुदृढ अनुभव हासिल गरेको जनाएको छ । डब्लुडब्लुएफ नेपालका राष्ट्रिय प्रतिनिधि डा घनश्याम गुरुङले 'डर्विन इनिसिएटिभ'को सहयोगमा यसअघि तराई क्षेत्रमा आर्थिक तथा सामाजिक रूपमा पछाडि परेका समुदायको जीवनस्तर सुधारका कार्य गरिएको बताउनुभयो । "डोल्पाको माथिल्लो क्षेत्रमा सञ्चालन हुने यो नयाँ परियोजनामार्फत समुदायमा आधारित संरक्षण र जीविकोपार्जनलाई सुदृढ गर्दै समान प्रभाव हासिल गर्ने हाम्रो लक्ष्य छ", उहाँले भन्नुभयो ।

नेपालले यी चरनभूमिको प्राकृतिक तथा सांस्कृतिक अखण्डताको संरक्षणलाई उच्च प्राथमिकता दिएको छ । दूरदर्शी नीतिहरूले सह-व्यवस्थापनका लागि अनुकूल वातावरण सिर्जना गरेका छन् । जसमा आदिवासी तथा स्थानीय समुदायको सार्थक सहभागिता सुनिश्चित गरिएको छ । तथापि, दुर्गमता, सीमित स्रोतसाधन तथा व्यवस्थापनसम्बन्धी अस्पष्ट जिम्मेवारीजस्ता व्यावहारिक चुनौतीहरूले प्रभावकारी संरक्षणमा अझै अवरोध सिर्जना गरिरहेका छन् ।

डब्लुडब्लुएफ नेपालले वन तथा वातावरण मन्त्रालयअन्तर्गतको राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग र स्थानीय समुदायसँग सहकार्य गर्दै से-फोक्सुन्डो राष्ट्रिय निकुञ्जमा समग्र संरक्षण कार्यक्रम सञ्चालन गर्दै आएको छ । जहाँ हिउँ चितुवालाई प्रमुख वन्यजन्तुको रूपमा लिइएको छ ।संरक्षणको दिगोपन सरोकार भएका निकायको सक्रिय सहभागिता र जिम्मेवारीमा निर्भर हुने भएकाले यी प्रयासहरूले प्रकृति र मानव कल्याणबीचको सकारात्मक सम्बन्धलाई मजबुत बनाउँदै सहअस्तित्व प्रवर्द्धनलाई प्राथमिकता दिएका छन् । वन्यजन्तुसँगकोद्वन्द्व व्यवस्थापन, जीविकोपार्जन विविधिकरण, शिक्षा तथा स्वच्छ ऊर्जामा पहुँच विस्तार यसका प्रमुख प्राथमिकता हुन् ।

"चरनभूमि व्यवस्थापनमा समुदायको सहभागिता र परम्परागत ज्ञानको एकीकरण नेपाल सरकारको प्राथमिक रणनीति हो । यस महत्वपूर्ण परियोजनामा योगदान पुर्‍याउने दातृ निकाय र साझेदारलाई विभाग धन्यवाद दिन चाहन्छ", राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागका महानिर्र्देशक डा बुद्धिसागर पौडेलले भन्नुभयो ।यो संयुक्त अधिराज्यद्वारा वित्तपोषित परियोजनाले हालसम्मका प्रयासलाई आधार मानेर चरनभूमि तथा तिनबाट प्राप्त हुने मूर्तअमूर्त सेवालाई दीर्घकालीन रूपमा सुरक्षित गर्दै मानव कल्याणमा योगदान पुर्‍याउने लक्ष्य राखेको उहाँले बताउनुभयो ।

विभाग र से-फोक्सुन्डो राष्ट्रिय निकुञ्जको नेतृत्व तथा से-फोक्सुन्डो गाउँपालिकाको मार्गदर्शनमा सञ्चालन हुने यस परियोजनाले नेपालको उच्च हिमाली चरनभूमिका लागि पुनरावृत्ति गर्न सकिने प्रभावकारी शासन ढाँचा विकास गर्ने लक्ष्य राखेको छ ।परियोजना क्षेत्रका चरनभूमिले बुद्ध र मुक्पोरङ मध्यवर्ती क्षेत्र उपभोक्ता समितिका ६५० भन्दा बढी परिवारलाई सहयोग पुर्‍याइरहेको छ । जहाँ समुदाय जीविकोपार्जनका लागि पशुपालन, गैरकाठ वन उपज तथा परम्परागत औषधिमा निर्भर छन् । नेपाल सरकारका नीति, परम्परागत ज्ञान र अन्तरराष्ट्रिय उत्कृष्ट अभ्यासको मार्गदर्शनमा यस परियोजनाले स्थानीय समुदायका सदस्य-विशेष गरी युवा, महिला र गोठालालाई सशक्त बनाउने बताइएको छ । जसले मध्यवर्ती क्षेत्र प्रयोगकर्ता समितिका चरनभूमि व्यवस्थापन उपसमितिमा सक्रिय भूमिका निर्वाह गर्नेछन् ।

"यो परियोजना 'डर्विन इनिसिएटिभ'मार्फत संयुक्त अधिराज्यको सहयोगले स्थानीय नेतृत्व सुदृढ गर्दै मानव र प्रकृतिलाई समान रूपमा लाभ पुर्‍याउने उत्कृष्ट उदाहरण हो । धार्मिक अगुवा र समुदायस्तरीय चरनभूमि समितिसँग सहकार्य गर्दै हामी बुद्धले लामो समयदेखि सिकाउँदै आएको एउटा सरल सत्यलाई स्वीकार गर्छौं । मानव र प्राकृतिक संसारको कल्याण आपसमा गहिरो रूपमा सम्बन्धित छ", नेपालका लागि संयुक्त अधिराज्यका राजदूत रोब फेनले भन्नुभयो ।

डब्लुडब्लुएफ नेपाल बाहेक यस परियोजनाका साझेदार संस्थामा 'दिगो कृषि र जैविक स्रोतका लागि एशियाली सञ्जाल' (एन्साब) नेपाल र सोवा रिग्पा एसोसिएसन अफ नेपाल (एसआरएएन) रहेका छन् । 'एन्साब' नेपालले गैरकाठ वन उपजको दिगो सङ्कलन, मूल्य अभिवृद्धि तथा बजार पहुँचमा सहयोग गर्नेछ भने 'एसआरएएन' ले बौद्ध परम्परामा आधारित सोवा रिग्पा (उपचारको विज्ञान) को संरक्षण र समसामयिक सन्दर्भअनुसार सुदृढीकरणमा योगदान पुर्‍याउनेछ ।

परम्परागत ज्ञान प्रणालीको संरक्षण र सुदृढीकरणका लागि चरनभूमि व्यवस्थापन उपसमितिहरूको नेतृत्व धार्मिक अगुवा तथा परम्परागत चिकित्सक 'अम्ची'हरूले गर्नेछन् । साथै, अम्चीहरूलाई कानुनी तथा दिगो औषधिजन्य सामग्री प्रयोगतर्फ रूपान्तरण गर्न सहयोग गरिने से फोक्सुन्डो राष्ट्रिय निकुञ्जका वरिष्ठ संरक्षण अधिकृत नुरेन्द्र अर्यालले जानकारी दिनुभयो । "जसले लोपोन्मुख वन्यजन्तु तथा वनस्पतिमा निर्भरता घटाउँदै परम्परागत 'सोवा रिग्पा' उपचार पद्धतिको मौलिकता संरक्षण गर्नेछ", उहाँले भन्नुभयो ।रासस

# स्वास्थ्य परीक्षण गरिएका १२ प्रतिशतमा नसर्ने रोग

काठमाण्डु । जिल्लाको हिलिहाङ गाउँपालिकाले सञ्चालन गरेको 'नसर्ने रोगको खोज पड्ताल'कार्यक्रममा १२ प्रतिशतमा नसर्ने रोग देखा परेको छ । समुदायका ३० वर्षभन्दा माथिका ४४३ जनाको स्वास्थ्य परीक्षण गर्दा १२ प्रतिशतमा मधुमेह, उच्च रक्तचाप, मिर्गौलाको समस्यालगायत नसर्ने रोगका लक्षण देखिएका हुन् ।



नियमित स्वास्थ्य परीक्षण गर्न नसक्ने, गाउँमा आफ्नै काममा व्यस्त रहेका, आर्थिक अवस्था कमजोर भएका नागरिकको स्वास्थ्य जनाको स्वास्थ्य परीक्षण गर्दा यस्तो अवस्था देखिएको गाउँपालिकाका स्वास्थ्य शाखा प्रमुख चन्द्रप्रसाद शर्मा घिमिरेले जानकारी दिनुभयो । मधुमेह र उच्च रक्तचापको समस्याले सताए पनि स्वास्थ्य परीक्षण नगराई बसेका भेटिएपछि त्यस्ता व्यक्तिलाई लक्षित गरी परामर्श तथा उपचारको प्रबन्ध गरिएको घिमिरेले बताउनुभयो ।

"सामान्यतया स्वस्थ देखिने मानिसमा नसर्ने रोगका लक्षण फेला परेका छन्", घिमिरेले भन्नुभयो, "हामीले गत वर्षदेखि नसर्ने रोग पहिचानको अभियान सञ्चालन गरिरहेका छौं । यसमा उल्लेख्य मात्रामा बिरामी भेटिएका छन् ।" उहाँका अनुसार यहाँका स्वास्थ्य संस्थाले विवाह, भोजभतेरलगायत सामाजिक/धार्मिक कार्यक्रममा सहभागीको स्वास्थ्य परीक्षण गर्दै आएका छन् ।

स्थानीयहरू स्वास्थ्यमा जटिल समस्या देखिएपछि मात्रै उपचारका लागि जाने गर्नाले पनि नसर्ने रोग भयावह बन्दै गएको घिमिरेको बुझाइ छ । "नियमित स्वास्थ्य परीक्षण नगर्ने चलनका कारण नसर्ने रोगले थप समस्या सिर्जना गरिसकेको हुन्छ । सोही कारणले नियमित स्वास्थ्य परीक्षणमा स्थानीयलाई अग्रसर गराउने उद्देश्यले खोज पड्तालकार्यक्रम सञ्चालन गरिएको हो", उहाँले भन्नुभयो ।

गाउँपालिकाले मधुमेह र उच्च रक्तचापका बिरामीका लागि निःशुल्क रूपमा औषधि वितरण गर्दै आएको घिमिरेले जानकारी दिनुभयो । त्यस्तै स्वास्थ्यसम्बन्धी सचेतना फैलाउन नगाउँपालिकाले वार्षिक नीति तथा कार्यक्रममार्फत छुट्टै 'क्लिनिक' सञ्चालनको व्यवस्था गरी स्थानीय स्वास्थ्य सङ्स्थाको पहुँचमा नरहेका नागरिकलाई प्राथमिक उपचार, पोषण, सुरक्षित मातृत्व, परिवार नियोजनका साधनको प्रयोगलगायत विषयमा जानकारी गराउँदै आइएको छ ।

यो कार्यक्रम यहाँका सबै वडामा प्रत्येक महिनामा दुई दिन सञ्चालन हुने स्वास्थ्य शाखा प्रमुख घिमिरेले जानकारी दिनुभयो । नसर्ने रोगको खोज पड्तालका क्रममा यहाँका चार जनामा कालाजार र छ जनामा क्षयरोग फेला परेको छ । सामान्यतया कालाजारको सङ्क्रमण पहाडी क्षेत्रमा कम हुने भए पनि चार जना बिरामी फेला परेपछि स्वास्थ्य संस्थामार्फत सचेतना कार्यक्रमलाई विस्तार गरिएको स्वास्थ्य शाखा प्रमुख घिमिरेले बताउनुभयो ।

क्षयरोगका बिरामीलाई नियमित औषधि सेवनमार्फत निको पार्न र अन्य बिरामीको पहिचानका लागि खोज पड्तालकार्यक्रमलाई निरन्तरता दिइएको घिमिरेले जानकारी दिनुभयो । उक्त कार्यक्रमले बजेट विनियोजन तथा औषधि खरिद गर्न सहज भएको उल्लेख गर्दै उहाँले सम्बन्धित बिरामी रोगबाट जटिल अवस्थामा पुग्नबाट पनि बचेका धारणा राख्नुभयो ।

गाउँपालिकाका अध्यक्ष समरबहादुर अधिकारीले खोज र खोप अभियानअन्तर्गत नसर्ने रोगका बिरामी फेला गरेका बताउँदै पालिकाले नियमित रूपमा स्वास्थ्य परीक्षण, खोज पड्ताल, सचेतना, उपचार र औषधि वितरणका लागि स्वास्थ्यकर्मीलाई प्रोत्साहित गरिएको जानकारी दिनुभयो । रासस

# आठ महिनामा करिब ११ खर्ब व्यापार घाटा

काठमाण्डु । चालु आर्थिक वर्ष २०८२/८३ को दोस्रो चौमासिक अवधिसम्ममा मुलुकले करिब रू ११ खर्बको व्यापार घाटा बेहारेको छ ।

भन्सार विभागले आज सार्वजनिक गरेको गत फागुन मसान्तसम्मको वैदेशिक व्यापारको तथ्याङ्कअनुसार उक्त अवधिमा कुल रू १४ खर्ब ४० अर्ब ३६ करोड २२ लाखको कुल वैदेशिक व्यापारमा मुलुकले रू १० खर्ब ९८ अर्ब १३ करोड ८२ लाख घाटा बेहोरेको हो । पछिल्लो आठ महिनामा रू १२ खर्ब ८९ अर्ब २५ करोडको आयात र रू एक खर्ब ९१ अर्ब ११ करोड २० लाख बराबरको निर्यात भएको विभागले जनाएको छ । गत आर्थिक वर्षको सोही अवधिको तुलनामा चालु आर्थिक वर्षमा आयात १२ दशमलव ५४ र निर्यात २९ दशमलव ८३ प्रतिशतले बढेको छ ।



गत फागुन मसान्तसम्ममा भारतसँगको व्यापार घाटा मात्र रू पाँच खर्ब ६७ अर्ब ३९ करोड छ । यस अवधिसम्ममा भारतबाट रू सात खर्ब २४ अर्ब छ करोडको वस्तु आयात भएको छ भने रू एक खर्ब ५६ अर्ब ६६ करोड बराबरको निर्यात भएको छ । त्यस्तै, छिमेकी मुलुक चीनसँग रू दुई खर्ब ७५ अर्ब ६६ करोड ७० लाखको आयात र रू ९८ करोड ३३ लाखको निर्यात हुँदा रू दुई खर्ब ६४ अर्ब ६८ करोड ३६ लाखको व्यापार घाटा व्यहोर्नुपरेको विभागले जनाएको छ । नेपालले बढी व्यापार घाटा बेहोरेका मुलुकमा अर्जेन्टिना तेस्रो, संयुक्त अरब इमिरेट्स चौथो र इन्डोनेसिया पाँचौं स्थानमा छन् ।

नेपालको वैदेशिक व्यापारमा नाफा भएका मुलुकमा भने रोमानिया, नर्वे, आइसल्याण्ड, नाइजर, इराक, केन्यालगायत छन् । पछिल्लो आठ महिनामा रोमानियासँग रू ५० करोड ६५ लाख, नर्वेसँग रू तीन करोड ३२ लाख र आइसल्याण्डसँग रू दुई करोड ५७ लाख बराबर व्यापार नाफा देखिएको छ । यस अवधिमा पेट्रोलियम पदार्थको आयात सबैभन्दा बढी छ । विभागका अनुसार पछिल्लो आठ महिनामा रू ८२ अर्ब १० करोड ५१ लाखको डिजेल, रू ४३ अर्ब ८९ करोड ७३ लाखको पेट्रोल र रू ३७ अर्ब ३१ करोड ३७ लाख बराबरको एलपी ग्यास आयात भएको छ ।

त्यस्तै, रू ८१ अर्ब १८ करोड ६४ लाख बराबरको कच्चा भटमास तेल आयात भएको छ भने रू २९ अर्ब ९३ करोड ५९ लाख बराबरको स्मार्टफोन, रू ३६ अर्ब ८२ करोड ३० लाखको फलामजन्य वस्तु, रू २३ अर्ब ४९ करोड ६७ लाखको सुन, रू १८ अर्ब ४४ करोड ७८ लाखको चाँदी आयात भएको छ ।नेपालले बढी निर्यात गरेका वस्तुमा भटमास तेल पहिलो स्थानमा छ । पछिल्लो आठ महिनामा रू ७५ अर्ब ७७ करोड ४१ लाख बराबरको भटमास तेल निर्यात भएको छ । त्यस्तै, रू नौ अर्ब ४९ करोड, ६१ लाखको अलैंची, रू छ अर्ब ५३ करोड ९६ लाखको कार्पेट, रू छ अर्ब २० करोड २३ लाखको सूर्यमुखी तेल, रू चार अर्ब ३२ करोडको पाम तेल निर्यात भएको छ ।रासस

## करेन्ट लागेर एकजना वृद्धाको मृत्यु

**टुडे समाचारदाता**

रौतहट । रौतहटको चन्द्रपुर नगरपालिका-८ स्थित बसन्तपुरमा करेन्ट लागेर एक वृद्धाको मृत्यु भएको छ । जिल्ला प्रहरी कार्यालौ रौतहटले जनाए अनुसार गुजरा नगरपालिका-१ स्थित मनहर्वाका ८४ वर्षीया कान्छी देवी चौधरीको आइतबार दिउँसो करेन्ट लागेर ज्यान गएको छ ।

घर नजिकैको धारामा जडान गरिएको विद्युतीय मोटरबाट करेन्ट लाग्दा उनी गम्भीर घाइते भएकी थिइन् ।

घाइते अवस्थामै उनलाई तत्काल उपचारका लागि चपुर अस्पताल लगिएको भए पनि उपचारकै क्रममा उनको मृत्यु भएको रौतहट प्रहरीले जनाएको छ । रौतहट प्रहरीले घटनाको प्रकृति र कारणबारे थप अनुसन्धान भइरहेको जनाएको छ ।

## माइग्रेशन हरायो

मेरो निम्न ब्यहोरा भएको कक्षा १२ (प्लस टू)को माइग्रेशन मिति २०८२/११/१६ गते बसपार्क देखि मुजलेलिया जाने क्रममा हराएकोले फेला पार्नु हुने महानुभावले तलको ठेगानामा अथवा नजिकको प्रहरी चौकीमा खबर गरिदिनु हुन अनुरोध छ ।

**नाम : अंजली कुमारी साह**
**सिम्बोल नं.: २१७००११८**
**रजिष्ट्रेशन नं.: ७७१७०७०२२**
**ठेगाना:जि.ध. क्षीरेश्वरनाथ न.पा.-३ पकडिया**
**मो.नं. ९८२७८०५२७८**

## ज्योतिष-मार्गदर्शन
प्रसिद्ध ज्योतिषगुरु ई बिबेक

| | |
|---|---|
| मेष : | व्यक्तित्व विकास वा थप अध्ययनको अवसर प्राप्त हुनेछ । |
| वृष : | कुनै गोपनीय कुरा सार्वजनिक हुँदा अप्ठयारोमा परिने छ । |
| मिथुन : | रोकिएका काममा दोहोर्याएर प्रयत्न गर्दा सफलता हासिल हुनेछ । |
| कर्कट : | सामान्यभनाभनमाठुलैझगडापर्नेदिनछ। |
| सिंह : | आफूलाई कमजोर या नजान्ने नठान्नु होला । |
| कन्या : | परिबन्द र बाध्यताका काममा रुम्लिनु पर्ने हुन्छ । |
| तुला : | कारोबारमा राम्रै फड्को मार्ने समय छ । |
| वृश्चिक : | हाकिम वा वरिष्ठ कर्मचारीसंग निकटता बढ्नाले विशेष लाभ लिन सक्ने समयहो। |
| धनु : | शरीर हलुका र मन प्रसन्न रहनेछ । |
| मकर : | नयाँ र नौलो विषयवस्तुको जानकारी लिन सकिने दिन हो । |
| कुम्भः | दामपत्य जीवनको भरपुर सुख भोग गर्न पाइने छ । |
| मीनः | घर परिवारबाट शुभ समाचार प्राप्त हुनेछ। प्रतिस्पर्धा, खेल र तर्कमा सहभागी हुने दिन हो । |

गुरुजीसङ जन्मकुण्डली हस्तरेखा परामर्स लागी
9812005378

## महत्वपूर्ण टेलिफोन नम्बरहरू
जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## नेपाल रेल्वको समय तालिका

**जनकपुरधाम - जयनगर**
बिहान :- ८:३५ बजे
दिउँसो :- ११:४५ बजे
बेलुका :- १५:१५ बजे

**जयनगर - जनकपुरधाम**
बिहान :- १०:०० बजे
दिउँसो :- १३:४५ बजे
बेलुका :- १६:४५ बजे

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |




वीरगञ्जको हरिखेतान बहुमुखी क्याम्पसका शिक्षक, सञ्चालक समिति र कर्मचारीबीचको विवाद चर्किंदा सोमबार सो क्याम्पसमा अध्ययनरत विद्यार्थीहरूले वीरगञ्जमा विरोध प्रदर्शन गर्दै । *तस्बिरः रासस*

# सिरहामा सदगुरु कबीर ११औं सन्त सम्मेलन सम्पन्न

**टुडे समाचारदाता**

जनकपुरधाम । कवीर सदविचार महामण्डल नेपालका राष्ट्रिय अध्यक्ष दुखी साहेवको अध्यक्षतामा सिरहा जिल्लाको गोलबजार नगरपालिका-९ स्थित गोविन्दपुरमा सदगुरु कबीर ११औं सन्त सम्मेलन भव्य रूपमा सम्पन्न भएको छ ।




मनुलाल साहेवको आयोजनामा सम्पन्न उक्त कार्यक्रममा देश तथा विदेशबाट आएका विभिन्न गणमान्य व्यक्तित्व, प्रवक्ता तथा साधुसन्तहरूको उल्लेखनीय उपस्थिति रहेको थियो । कार्यक्रमका प्रमुख अतिथि रामलखन साहेव रहेका थिए भने विशिष्ट अतिथिका रूपमा राष्ट्रिय अध्यक्ष दुखी साहेव, साधु साहेव तथा अध्यक्ष योगेन्द्र साहेव लगायतको उपस्थिति रहेको थियो।

सम्मेलनमा सदगुरु कबीरका उपदेश, मानवता, समानता र सदाचारसम्बन्धी विचारहरूलाई जोड दिँदै समाजमा सकारात्मक परिवर्तन ल्याउने विषयमा विभिन्न वक्ताहरूले आफ्नो धारणा व्यक्त गरेका थिए । कार्यक्रम धार्मिक तथा सामाजिक सद्भावको सन्देश दिँदै सफलतापूर्वक सम्पन्न भएको आयोजकले जनाएको छ ।

# अध्यागमन विभागद्वारा पदयात्रा अनुमतिबारे सूचना जारी

काठमाण्डु । अध्यागमन विभागले निषेधित क्षेत्रमा पदयात्रा गर्दा लिनुपर्ने अनुमति सेवालाई सजिलो र छरितो बनाएको छ ।

विभागले आइतबार सूचना प्रकाशन गरी विदेशी नागरिकले नेपालका १३ जिल्लाका तोकिएबमोजिमका निषेधित क्षेत्रमा पदयात्रा गर्दा विभागबाट अनिवार्य रुपमा पदयात्रा अनुमति लिनुपर्ने व्यवस्था उल्लेख गरेको छ । उक्त निषेधित क्षेत्रमा समूहगत रुपमा एजेन्सीमार्फत जाने विदेशीको पदयात्रा अनुमति जारी गर्नेसम्बन्धी सेवालाई अनलाइन प्रणालीको अवलम्बन गरी झन्झटरहित, छिटो, छरितो र सेवाग्राहीमैत्री बनाइएको जनाएको छ ।

साथै, पदयात्रा अनुमतिसम्बन्धी प्रावधान कठिनाई भएमा सहजीकरणको लागि असहज भएको र पर्यटन प्रबर्द्धनमा समेत असर परेको भनी ट्रेकिङ एजेन्सीज एसोसिएसन अफ नेपाल (टान) लगायत पर्यटन क्षेत्र सम्बद्ध सङ्घसंस्थाहरुबाट गुनासो प्राप्त भएको अवस्थालाई दृष्टिगत गरी एक पदयात्रीलाई समेत पदयात्रा अनुमति प्रदान गर्ने गरी चैत ८ गते विभागीय निर्णय भएको प्रवक्ता टीकाराम ढकालले जानकारी दिनुभयो ।

यसरी पदयात्रा गर्दा अनिवार्य रुपमा एजेन्सीमार्फत आवेदन पेस गर्नुपर्ने, निजसँग जाने ट्रेकिङ गाइड अनिवार्य रुपमा तोक्नुपर्ने, आपत्कालीन अवस्थामा उद्धारको सम्पूर्ण जिम्मेवारी सम्बन्धित एजेन्सीले लिने र अन्य व्यवस्था विद्यमान कानुनबमोजिम हुने गरी शर्त निर्धारण गरिएको छ ।साथै, एजेन्सीमार्फत एक समूहमा




यसअघि नै छुट्टै सम्पर्क नम्बर +९७७ ९७६१४२३६३६ को व्यवस्थासमेत गरिएको सूचनामा उल्लेख छ । विभागबाट विगतमा निषेधित क्षेत्रमा पदयात्रा अनुमति माग गर्ने एकल पदयात्रीलाई पदयात्रा अनुमति जारी नहुँदा एकल रुपमा पदयात्रामा जान चाहने पदयात्रीले अनिवार्य रुपमा पदयात्रा साझेदार खोज्नुपर्ने भएकाले ठूलो संख्यामा निषेधित क्षेत्रमा पदयात्रामा जाँदा पदयात्रीको सुरक्षामा पर्याप्त ध्यान दिन सहज नहुने, एक ट्रेकिङ गाइडबाट पदयात्रीका गतिविधि निगरानीमा असहज हुनेलगायतको अवस्थालाई मध्यनजर गरी एक समूहमा एक ट्रेकिङ गाइड बराबर बढीमा सात पदयात्री रहने गरी पदयात्रा अनुमति प्रदान गर्ने निर्णय भएको छ ।रासस

## राष्ट्रिय लघुवित्त सदस्य सम्मेलनः

# नीतिगत सुधार र उद्यमशीलतामा जोड

काठमाण्डु । 'उद्यमशीलता फैलाऔँ, युवालाई स्वरोजगार बनाऔँ' मूल नार ासहित पाँचौं राष्ट्रिय लघुवित्त सदस्य सम्मेलन आजदेखि काठमाडौँमा सुरु भएको छ ।

नेपालमा लघुवित्त कार्यक्रम सञ्चालन गर्दै आएका प्रमुख संस्थाहरूको सक्रिय पहल तथा स्वावलम्बन विकास केन्द्रको संयोजनमा आयोजना गरिएको उक्त सम्मेलनमा विभिन्न तहका विशिष्ट व्यक्तित्वहरूको उल्लेखनीय उपस्थिति रहेको छ। सम्मेलनमा नियामक निकायका प्रतिनिधि, नीति निर्माता, सरकारी उच्च अधिकारी, लघुवित्त संस्थाका अध्यक्ष तथा सञ्चालक, प्रमुख कार्यकारी अधिकृत, लघुवित्तकर्मी तथा सेवाग्राही सदस्यसहित ६०० भन्दा बढीको सहभागिता रहेको आयोजकले जनाएको छ । दुई दिनसम्म सञ्चालन हुने यस सम्मेलनले लघुवित्त क्षेत्रका उपलब्धि, समस्या तथा चुनौतीहरूबारे गम्भीर समीक्षा गर्दै भावी रणनीति निर्धारण गर्ने अपेक्षा गरिएको छ ।




सम्मेलनको उद्घाटन सत्रमा राष्ट्रिय योजना आयोगका उपाध्यक्ष डा प्रकाशकुमार श्रेष्ठले नेपालको गरिबी न्यूनीकरणमा लघुवित्त क्षेत्रले पुऱ्याएको योगदान प्रशंसनीय रहेको उल्लेख गर्नुभयो। उहाँले देशव्यापी रूपमा गरिबी दरमा कमी आए पनि दुर्गम क्षेत्रका कतिपय स्थानीय तहमा अझै उच्च दरमा गरिबी कायम रहेकाले लघुवित्त संस्थाले आफ्नो पहुँच ती क्षेत्रमा विस्तार गर्नुपर्ने आवश्यकता औँल्याउनुभयो । उहाँले कोभिड-१९ पछिको आर्थिक सुस्तता, संस्थागत सुशासनको अभाव तथा बढ्दो निष्क्रिय कर्जालाई लघुवित्त क्षेत्रका प्रमुख चुनौतीका रूपमा उल्लेख गर्दै संस्थागत सुधार र वित्तीय अनुशासनमा विशेष ध्यान दिनुपर्ने बताउनुभयो । साथै, अबको लघुवित्त प्रणाली परम्परागत कर्जा प्रवाहमा सीमित नरही 'क्रेडिट प्लस' मोडेलमार्फत उत्पादनको बजारीकरण र उद्यम विकासमा केन्द्रित हुनुपर्ने धारणा उपाध्यक्ष डा श्रेष्ठले व्यक्त गर्नुभयो ।

सम्मेलन आयोजक समितिका अध्यक्ष शङ्करमान श्रेष्ठले लघुवित्त संस्थाहरूले आफ्नो भूमिकालाई समयसापेक्ष रूपमा पुनःपरिभाषित गर्नुपर्ने आवश्यकता औँल्याउनुभयो । उहाँले लघुवित्त केवल कर्जा प्रवाह गर्ने माध्यम नभई उद्यमशीलता विकासको आधार बन्नुपर्नेमा जोड दिनुभयो ।

"हाम्रा सदस्यहरूलाई ऋणी मात्र नभई सक्षम उद्यमीका रूपमा रूपान्तरण गर्न सकेमा उनीहरूको आयस्तर वृद्धि हुनुका साथै संस्थागत दिगोपनासमेत सुनिश्चित हुन्छ", अध्यक्ष श्रेठले भन्नुभयो । उहाँले नोबेल पुरस्कार विजेता मोहम्मद युनुसद्वारा प्रतिपादित 'थ्री जिरो' अवधारणालाई लघुवित्त क्षेत्रको मार्गदर्शक सिद्धान्तका रूपमा अङ्गीकार गर्नुपर्नेमा पनि जोड दिनुभयो ।

त्यस्तै, लघुवित्त क्षेत्रमा देखिँदै आएका बहुबैंकिङ, तथ्याङ्कीय दोहोरोपनालगायतका विकृतिप्रति गम्भीर चिन्ता व्यक्त गर्दै उहाँले यस्ता प्रवृत्तिलाई नियन्त्रण गर्न नियामक निकाय र सम्बन्धित संस्थाहरूले समन्वयात्मक पहल गर्नुपर्ने आवश्यकता औँल्याउनुभयो ।

नेपाल लघुवित्त बैंकर्स सङ्घका अध्यक्ष रामबहादुर यादवले लघुवित्त क्षेत्रलाई थप सुदृढ र प्रभावकारी बनाउन 'लघुवित्त विकास कोष' स्थापना गर्नुपर्ने प्रस्ताव राख्नुभयो । उहाँले सरकार तथा अन्तरराष्ट्रिय विकास साझेदार निकायहरूसँगको सहकार्यमा सहुलियत दरमा स्रोत परिचालन गर्ने व्यवस्था मिलाउन सकेमा विपन्न वर्गले सहज रूपमा कर्जा प्राप्त गर्ने र समग्र अर्थतन्त्रलाई सकारात्मक प्रभाव पार्ने विश्वास व्यक्त गर्नुभयो । अध्यक्ष यादवका अनुसार हाल सञ्चालनमा रहेका लघुवित्त संस्थामार्फत करिब २७ लाख व्यक्तिले कर्जा सेवा लिइरहेका छन् भने कूल कर्जा लगानी करिब रु पाँच खर्ब पुगेको छ । यस क्षेत्रले प्रत्यक्ष रूपमा करिब २२ हजारलाई रोजगारी प्रदान गरेको उहाँको भनाइ छ ।

नेपाल राष्ट्र बैंकका कार्यकारी निर्देशक गुरुप्रसाद पौडेलले लघुवित्त क्षेत्र मुलुकको वित्तीय प्रणालीको अपरिहार्य अङ्ग भएको स्पष्ट पार्नुभयो । उहाँले दुर्गम तथा पहुँचविहीन क्षेत्रमा साना तथा विना धितो कर्जा उपलब्ध गराउने कार्यमा लघुवित्तको भूमिका महत्वपूर्ण रहेको उल्लेख गर्नुभयो। उहाँले पछिल्लो समय खराब कर्जा वृद्धि हुनु चिन्ताको विषय भएको उल्लेख गर्दै विगतका कमजोरीहरू सच्याउँदै सेवा गुणस्तर अभिवृद्धिमा ध्यान दिनुपर्ने आवश्यकता औँल्याउनुभयो । नियामक निकायले मर्जर नीति, कर्जा सीमा निर्धारण तथा बहुबैंकिङ नियन्त्रणजस्ता उपायहरू अवलम्बन गरिसकेको जानकारी पनि कार्यकारी निर्देशक पौडेलले दिनुभयो ।

राष्ट्रिय सहकारी बैंकका अध्यक्ष महेन्द्रकुमार गिरीले सहकारी क्षेत्रप्रति नकारात्मक धारणा निर्माण गर्ने प्रयासप्रति ध्यानाकर्षण गराउँदै लघुवित्तसम्बन्धी कार्य गर्ने सहकारीहरूले उल्लेखनीय योगदान पुऱ्याइरहेको बताउनुभयो । उहाँले सदस्यहरूलाई उद्यमशील बनाउने दिशामा सहकारी र लघुवित्त संस्थाहरूले समन्वयात्मक रूपमा काम गर्नुपर्ने आवश्यकता औँल्याउनुभयो ।

सम्मेलनअन्तर्गत सात सत्रमार्फत लघुवित्तका विविध आयाममा गहन छलफल तथा अन्तर्क्रिया हुने कार्यक्रम रहेको छ । सदस्यको अनुभव, वर्तमान अवस्था र चुनौती, 'क्रेडिट प्लस' कार्यक्रम, प्रविधिको प्रयोग, युवास्वरोजगार, मानसिक स्वास्थ्य व्यवस्थापन तथा क्षेत्रगत सुधारका विषयहरूमा विशेषज्ञहरूबीच विचारविमर्श हुने आयोजकले जनाएको छ । स्वावलम्बन विकास केन्द्रले २०७३ सालदेखि प्रत्येक दुई वर्षमा यस्तो सम्मेलन आयोजना गर्दै आएको छ ।

नेपाल राष्ट्र बैंकको गत असोज मसान्तसम्मको तथ्याङ्कअनुसार देशभर सञ्चालनमा रहेका ५२ लघुवित्त वित्तीय संस्थाले पाँच हजारभन्दा बढी शाखामार्फत ६२ लाखभन्दा बढी नागरिकलाई सेवा प्रदान गरिरहेका छन्, जसमध्ये करिब ९५ प्रतिशत महिला रहेका छन् । हाल करिब २७ लाख सदस्यले कर्जा उपयोग गर्दै विभिन्न व्यवसाय सञ्चालन गरिरहेका छन् । लघुवित्त क्षेत्रले गरिबी न्यूनीकरण, महिला सशक्तीकरण, आर्थिक तथा सामाजिक रूपान्तरण, साक्षरता अभिवृद्धि र दिगो विकासमा महत्वपूर्ण योगदान पुऱ्याउँदै आएको छ ।रासस

# विश्वव्यापी आवधिक समीक्षामा प्राप्त सुझाव कार्यान्वयन गर्न माग

काठमाण्डु । संयुक्त राष्ट्रसङ्घ मानवअधिकार परिषद्को विश्वव्यापी आवधिक समीक्षा (युपिआर) चौथो चक्रमा नेपालले बुझाएको प्रतिवेदनमाथि विभिन्न देशले दिएका सुझाव कार्यान्वयन गर्न विज्ञले माग गरेका छन् । सन् २०२५ मा नेपाल सरकारले संयुक्त राष्ट्रसङ्घ मानवअधिकार परिषद्को चौथो चक्रअन्तर्गत रहेर प्रतिवेदन बुझाएको थियो । उक्त प्रतिवेदनमा रहेर विभिन्न देशले सुझाव दिएका हुन् ।

नेपाललाई विशेष गरी तीनवटा विषयमा रहेर सुझाव प्राप्त भएको जनाउँदै अधिवक्ता बिनु लामाले प्राप्त सुझाव नेपालले कार्यान्वयन (एसेप्ट) गर्ने वा 'नोट'मा राख्ने दुई विकल्प रहेको बताउनुभयो । यस विषयमा सञ्चारकर्मीसँग महिला, कानुन र विकास मञ्चले आयोजना गरेको कार्यशालामा कानुनी पहिचान, लैङ्गिक आधारित हिंसा र यौन तथा प्रजनन स्वास्थ्य तथा अधिकारसम्बन्धी विषयमा केन्द्रित भएर अन्तरक्रिया गरिएको थियो । कार्यक्रमको मुख्य उद्देश्य युपिआर प्रक्रियाबारे जानकारी दिनु, यसको राष्ट्रिय महत्व बुझाउनु तथा चौथो चक्रमा नेपालले प्राप्त गरेका प्रमुख सुझावबारे छलफल गर्नुरहेको उहाँले उल्लेख गर्नुभयो ।



कार्यक्रममा आवधिक समीक्षाको चौथो चक्रमा नेपाललाई गर्भपतनमा निरपराधीकरण, प्रजनन स्वास्थ्य अधिकार, सम्मानजनक प्रसूति सेवा, बृहत् यौनिक शिक्षा र समग्र यौन तथा प्रजनन स्वास्थ्य र अधिकार सेवामा रहेर महत्वपूर्ण सुझाव प्राप्त भएको मञ्चकी अधिवक्ता रोजिना श्रेष्ठले बताउनुभयो ।

नेपाललाई प्राप्त सुझावबारे जानकारी दिँदै अधिवक्ता श्रेष्ठले सबै परिस्थितिमा गर्भपतनलाई अपराधमुक्त र वैधानिक बनाउन आइसल्याण्ड र फ्रान्सले सुझाव दिएको सुनाउनुभयो । सुरक्षित गर्भपतनको सेवामा पहुँच सुनिश्चित गर्न आइसल्याण्डले सुझाव दिएको थियो ।

महिला, किशोरकिशोरीसहित लैङ्गिक अल्पसख्यक तथा सुरक्षित गर्भपतनमा पहुँच सुनिश्चित गर्न नर्वेले सुझाव दिएको जानकारी कार्यक्रममा गराइएको छ । यसैगरी, विद्यालय हाताभित्र र बाहिर बृहत् यौनिकता शिक्षामा विश्वव्यापी पहुँच सुनिश्चित गर्न, किशोरावस्थामा हुने गर्भावस्था र बालविवाह रोक्न बहुक्षेत्रीय समन्वयलाई बलियो बनाउन, भेद्भावपूर्ण लिङ्ग पहिचान र लिङ्गका आधारमा हुने गर्भपतनविरुद्धको राष्ट्रिय रणनीति २०२१ प्रभावकारी कार्यान्वयन गर्न विभिन्न देशले आफ्नो सुझाव पेस गरेका वरिष्ठ अधिवक्ता मीरा ढुङ्गानाले बताउनुभयो । छाउपडी प्रथा र विवाहमा हुने दाइजो प्रथालाई निषेध गर्न, कानुनको प्रभावकारी कार्यान्वयन सुनिश्चितका लागि जागरूकता बढाउन, दण्डित गर्न र अपराधीलाई अभियोजन गर्न विभिन्न देशले सिफारिस गरेका छन् । अठार वर्षमुनिका किशोरकिशोरीबीच सहमतिमा भएको यौन सम्बन्धलाई अपराधमुक्त गर्ने र किशोरावस्थाको गर्भावस्था एवं बालविवाह रोक्न मेक्सिकोले सुझाव दिएको वरिष्ठ अधिवक्ता ढुङ्गानाले बताउनुभयो ।

नेपाल सरकारले सन् २०२६ को जुन/जुलाईमा हुने सत्रअघि युपिआर सिफारिसमा आफ्नो अन्तिम प्रतिक्रिया पेस गर्ने तयारी गरिरहेको सन्दर्भमा त्यसबारे तयारी र रणनीतिबारे विचार आदानप्रदान गरिएको हो । साथै, युपिआर प्रक्रियामा सुचित सार्वजनिक बहसको वातावरण बनाउन र जवाफदेहिता प्रवर्द्धन गर्न सञ्चारमाध्यमको भूमिका बढाउन कार्यक्रम आयोजना गरिएको मञ्चका सूचना अधिकारी विनोदचन्द्र देवकोटाले जानकारी दिनुभयो ।

विश्वव्यापी आवधिक समीक्षाको चौथो चक्रअन्तर्गत नेपालको प्रतिवेदनमाथि दिएका यी सुझाव स्वीकार गरी प्रभावकारी रूपमा कार्यान्वयन गर्नु नेपाल सरकारको संवैधानिक तथा अन्तरराष्ट्रिय दायित्व भएको उहाँले बताउनुभयो ।रासस

# 'स्वास्थ्य क्षेत्रमा समस्या पहिचानसहित समाधानको कदम'

काठमाण्डु । स्वास्थ्य तथा जनसंख्यामन्त्री डा सुधा गौतमले स्वास्थ्य क्षेत्रमा समस्या पहिचानसहित समाधानको कदम चालेको बताउनुभएको छ ।

मन्त्रालयमा आइतबार कर्मचारीहरुसँगको कार्यक्रममा मन्त्री डा गौतमले औषधि तथा उपकरण खरिद प्रक्रिया, औषधि व्यवस्थापन र स्वास्थ्य बीमाको क्षेत्रमा आफूले समस्या पहिचान मात्र नभइ समाधानतर्फ कदम पनि चालेको बताउनुभयो । उहाँले आफूले चुनौतिका बीच मन्त्रालयको नेतृत्व गरेको उल्लेख गर्दै प्राथमिकतामा राखेका कामले प्रगति हासिल गरेको बताउनुभयो ।




"मैले मन्त्रालयको जिम्मेवारी सम्हाल्दा थाहा थियो मन्त्रालयको काम चुनौतीपूर्ण छ, तर त्यहाँ ठूलो सम्भावना पनि छ," मन्त्री डा गौतमले भन्नुभयो, " आज निर्वाचन सम्पन्न भएको छ । नयाँ सरकार बन्दै छ, यस्तो समयमा म यहाँबाट बिदा लिँदै गर्दा तपाईंको कामप्रति सम्मान र हामीले सँगै हासिल गरेका प्रगतिप्रति कृतज्ञता व्यक्त गर्न चाहन्छु ।"

मन्त्री डा गौतमले मानसिक स्वास्थ्य, आप्रवासी कामदारको स्वास्थ्य, उच्च जोखिम भएका प्रदेशमा मातृ तथा शिशु स्वास्थ्यमा पनि सुधार गरेको बताउनुभयो । "स्वास्थ्य बीमाभित्र झन्डै एक दशकदेखि थुप्रिएका विकृतिका चाङ मसिनोसँग केलायौँ र सुधारका कार्य अगाडि बढाइसकेका छौँ," उहाँले भन्नुभयो, "बीमाले भोगेको आर्थिक समस्या केही हदसम्म कम हुनेछ ।"

पाँच महिनामा आफूले औषधि व्यवस्था विभागको स्तरवृद्धिको योजना, राष्ट्रिय औषधि प्रयोगशालाका लागि नयाँ भवन निर्माणको गुरुयोजना र मन्त्रालयमा औषधि मामिला महाशाखा स्थापनाको प्रारूप तयार पार्न्रे कार्य अन्तिम चरणमा पुऱ्याएको मन्त्री डा गौतमले उल्लेख गर्नुभयो । उहाँले औषधिमा गरेको कामले भविष्यमा औषधिको गुणस्तर, मूल्य, र नवप्रवर्तनको विकासमा ठूलो योगदान दिने विश्वास व्यक्त गर्नुभयो । देशभरिका सबै सङ्घीय अस्पतालमा मनोपरामर्श केन्द्र स्थापना गरेको उहाँले बताउनुभयो ।

कार्यक्रममा स्वास्थ्य मन्त्रालयका सचिवद्वय डिल्लीराम शर्मा र डा विकास देवकोटा, स्वास्थ्य सेवा विभागका महानिर्देशक डा केदारबहादुर ढकाल, मन्त्रालयका प्रवक्ता डा प्रकाश बुढाथोकी, मन्त्रालय मातहतका केन्द्र तथा अस्पतालका निर्देशकलगायतको उपस्थिति थियो ।रासस



**अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ । जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥**

## सम्पादकीय

# सामाजिक सद्भाव कायम राख

मुसलमानहरुले पवित्र रमजानको समापनमा ईद मनाउने उन्मादमा अर्को समुदायसित झडप गरे । लुम्बिनी प्रदेशको कपिलवस्तु जिल्लामा दुई समुदायबीच शनिवारदेखि शुरु भएको झडप आइतबार पनि रोकिएन । जिल्लाको विभिन्न स्थानहरुमा दुई समुदायबीच झडप भएको छ । ईदको उन्मादमा मुसलमान समुदायले झडप गरेका थिए । एक महिना रोजा बसेका मुसलमानहरुले त्यसको समापनको क्रममा हिन्दूहरुसित झडप गरे । महराजगञ्ज नगरपालिकाको वडा नम्बर २ को बरगदा र बहादुरगञ्जमा हिन्दू र मुस्लिम समुदाय बीच झडप भएको थियो । स्थितिलाई नियन्त्रण गर्न प्रहरीले कयौं राउण्ड हवाईफायर समेत गरेका थिए । प्रहरीको गोली लागेर ४ जना घाइते पनि भए । केही प्रहरी पनि घाइते भए । सुरक्षा व्यवस्थालाई भरपर्दो बनाउन कपिलवस्तु जिल्लामा निषेधाज्ञा जारी गरिएको छ । तर प्रदर्शन र झडप रोकिएन । रमजानमा मुसलमानहरुले अत्यन्त निष्ठापूर्वक दिनभरि उपवास बस्छन् । ईदका दिन इष्टमित्र, आफन्तजनहरुसित खुशी बाँड्ने गर्छन् । एक अर्काकोमा भोज खाने गर्छन् । कतिपय स्थानमा ईदको भोजमा हिन्दूहरु पनि सहभागी हुने गर्छन् । ईदको दिन शान्तिपूर्ण ढंगले खुशी मनाउनु पर्ने हो । हिन्दूहरुले पनि ईदको शुभकामना दिने गर्छन् । रमजान पर्ने महिनालाई पवित्र मानिन्छ । सद्भाव बढाउने पर्वलाई विवाद र हिंसा बढाउने बनाउन थालिएको छ । ईदमा सामाजिक सद्भावलाई अझ सुदृढ बनाउने सामूहिक प्रयास हुनुपर्ने हो । नेपालमा बसोबास गर्ने मुसलमानहरुको आर्थिक समृद्धी भएको छ । विदेशमा रोजगारी खुलेदेखि मुसलमानहरुको आर्थिक अवस्थामा तीव्र रुपमा सुधार भएको छ । मुसलमान युवाहरु जातिगत रुपमा सर्वाधिक विदेशिनेमा पर्छन् । मस्जिद र मदरसाको संख्या पनि अनपेक्षित रुपमा बढेको छ । मस्जिद र मदरसामा रहेका मुसलानहरुले विदेशबाट फर्किएका, गाउँमा रहेका युवा मुसलमानहरुलाई संगठित गरी सामान्य विषयमा पनि झडप गराइरहेको आरोप लाग्न थालेको छ । कतिपयले यसलाई आर्थिक गतिविधिको आडमा गरिएको धार्मिक उन्माद पनि भन्न थालेका छन् । केही दशक पूर्वसम्म हिन्दू मुसलमानबीच अत्यन्त सौहाद्र सम्बन्ध थियो । एउटै बस्तीमा रहेका मुसलमान र हिन्दूहरुबीच कुनै प्रकारको तनाव हुने गरेको थिएन । दुबै जातिका धर्मावलम्बीहरु सौहाद्रपूर्ण रुपमा आ-आफ्ना धार्मिक सांस्कृतिक कार्यक्रमहरु गर्थे । मुसलमानहरुको तजिया(दाहा)मा हिन्दूहरुको ठूलो सहभागिता हुने गरेको थियो । अहिले पनि धेरै ठाउँमा हिन्दूहरुको भारी सहभागिता रहने गरेको छ । त्यसलाई अझ मजबुत बनाउनु पर्छ । मुसलमानहरुले पनि हिन्दूहरुको धार्मिक, सांस्कृतिक कार्यक्रमहरुमा सहभागी हुनुपर्छ । विगतमा दुई समुदायबीच कायम रहेको सौहाद्रतालाई फेरि स्थापित गर्नुपर्छ । हुन त रमजानको बेला खाडीमा चलिरहेको युद्धले जनधनको ठूलो क्षति गरेको छ । संसार नै नराम्ररी प्रभावित हुन थालेको छ । कयौं मुसलमान बाहुल्य देशमा रमजान र ईद पनि भयरहित वातावरणमा मनाइएको छैन । त्यसकारण नेपालमा हिन्दू मुसलमानबीचको सौहाद्रता बिगार्ने काम कुनै पक्षबाट हुनु हुँदैन ।

# बालेन-रविले लोकप्रियता र शैलीमा मात्र निर्भर रहे भने यो शोलेको जयविरुको दृश्यजस्तै हुनेछ



प्रेमचन्द्र झा

नेपालको राजनीति सधैं उत्थान र पतनका संकेतले भरिएको छ – कुनै कालखण्डमा पुनर्निर्माण, तेस्रो मार्ग, परिवर्तन, नयाँ युग, नव नेतृत्व अनि भविष्यको आशा देखिएको छ। २०८२ सालको आम निर्वाचनपछि नेपालको राजनीतिक बहसमा एउटा नयाँ जोडीले ठूलो स्थान पाएको छ – बालेन शाह र रवि लामिछाने।

यो जोडीलाई समर्थक-विरोधीले अलग-अलग अर्थ दिएको छन्। कतिपयले यसलाई नेपाली राजनीतिमा युवा शक्ति, सुधार, परिवर्तन र पुनर्निर्माणको रूप मान्छन् भने अर्काहरूले यसलाई दृश्यात्मक राजनीति, नाटक र लोकप्रियता भरिएको शो मात्र भनी औंल्याइरहेका छन्।

यस लेखको उद्देश्य यिनै द्विविधा, आशा-चिन्ता, सम्भावना-सन्देह, नेतृत्व क्षमता-समस्या र वास्तविक राजनीतिक प्रभावलाई व्यवस्थित रूपमा विश्लेषण गर्नु हो।

नेपाली राजनीतिको इतिहासलाई हेर्दा, नेतृत्व सधैं एक महत्त्वपूर्ण कारक रहिआएको छ। २०४६ सालमा नेपालले बहुदलीय लोकतन्त्र स्थापना गऱ्यो। राजा ज्ञानेन्द्रको प्रत्यक्ष शासन विरुद्ध समग्र नेपाली नागरिकहरूले संघर्ष गरेर नयाँ शासन प्रणाली ल्याए – जसले जनताको प्रत्यक्ष सहभागिता र प्रतिनिधिमूलक सरकारलाई सुदृढ बनायो।

यो समय नेतृत्वको रूपमा परम्परागत साना-ठूला राजनीतिक पार्टीका चेहराहरूले नेतृत्व गरे – जसले लोकतन्त्रलाई मजबुत बनाउने काम गरे। २०६२-०६३ को जनआन्दोलनले शाही सत्ता अन्त्य गर्दै लोकतन्त्र र गणतन्त्रको पुनर्स्थापना गऱ्यो। यसले नेपाललाई सम्पूर्ण रूपले गणतन्त्रमार्गमा अगाडि बढायो, नयाँ संविधान निर्माण प्रक्रियामा जनसहभागिता सुनिश्चित गऱ्यो र संघीयता, धर्मनिरपेक्षता, सामाजिक न्याय, महिला-दलित-आदिवासी अधिकार जस्ता विषयलाई संवैधानिक रचनामा केन्द्रित गऱ्यो।२०७२ सालमा

संविधान जारी भएपछि राजनीति दलगत संरचनामा केन्द्रित रह्यो। नेपालीमा राजनैतिक दलहरू प्रायः केही परम्परागत नेताहरूको प्रभुत्वमा केन्द्रित रहे, जसले लामो समयदेखि नेतृत्व र निर्णय प्रक्रियामा प्रभाव जमाएको छ। तर समयसँगै युवा शक्ति, नयाँ सोच र नेता-जनता सम्बन्धका नयाँ मोडको माग बढिरहेको थियो – जसले २०८२ जस्तै चुनावी परिणाम उत्पन्न गरेको थियो।

पछिल्लो आम चुनाव नेपालका लागि एक ऐतिहासिक मोड थियो, जसले पुराना राजनीतिक अवस्थालाई चुनौती दिईसकेको छ। यो चुनावलाई नेपाली राजनीतिक संरचनाको पुनःस्थापना, नागरिक-सरकार सम्बन्धका परिवर्तन, नव नेतृत्व र युवा सहभागिताको आगमन का रूपमा हेरिन्छ।

चुनाव परिणामले देखायो कि परम्परागत राजनीतिक पार्टीहरूको मत घटेको छ भने नयाँ राजनीतिक शक्ति-बलको उदय भएको छ। यसैबीच बालेन शाह र रवि लामिछाने नेतृत्वको जोडीले विविध उमेर समूह, नयाँ मतदाता र युवा निर्वाचन क्षेत्रबाट ठूलो समर्थन प्राप्त गऱ्यो।

बालेन शाहले काठमाडौं लगायतका महानगरिय क्षेत्रहरूबाट ठूलो मत ल्याए, जसले उनको लोकप्रियता र समर्थनलाई पुष्टि गऱ्यो। रवि लामिछानेले पनि पार्टी नेतृत्व र संगठनात्मक रणनीतिको बलियो भूमिका खेल्दै आफ्नो क्षेत्रबाट सफल भई राजनीतिक प्रभाव बढाए। यी परिणामले नेपाली राजनीतिको परम्परागत संरचनामा परिवर्तनको मागको संकेत दिएको छ।

यो खण्डमा हामी बालेन शाह र रवि लामिछानेको व्यक्तिगत यात्रा, पृष्ठभूमि, शक्ति र राजनीतिक सम्भावनालाई विस्तृत रूपमा हेर्नेछौं। बालेन शाह, मूल रूपमा युवा आवाज र सामाजिक आन्दोलन संग जोडिएको छ। उनको उदय एक सञ्चार माध्यमिक सामाजिक संवादक, कलाकार र सामाजिक कार्यकर्ता बाट भयो, जहाँ उनले विभेद, भ्रष्टाचार र सामाजिक असमानता विरुद्ध आवाज उठाए। धेरैले उनलाई नेपाली युवाहरूका लागि प्रतिनिधि र नयाँ नेतृत्वको प्रतीक मान्छन्। उनको नेतृत्व शैली पारदर्शिता, प्रत्यक्ष संवाद र सकारात्मक सोचमा आधारित छ – जसले युवा वर्गलाई आकर्षित गरेको छ।

उनले परम्परागत राजनीतिक भाषणभन्दा फरक शैली, सामाजिक सञ्जाल प्रयोग र जनतासँग प्रत्यक्ष संवादलाई प्राथमिकता दिएका छन्। यद्यपि, उनको जवाफदेहिताका बारेमा धेरै विश्लेषकले प्रश्न पनि उठाएका छन् – खासगरी नीति कार्यान्वयन, राष्ट्रिय-अन्तर्राष्ट्रिय मुद्दा र गहन राजनीतिक निर्णय का सन्दर्भमा।

रवि लामिछानेले जनताको आवाज उठाउने पत्रकार, सञ्चारकर्मी र पार्टी नेतृत्वकर्ता को रूपमा राजनीतिक यात्राको सुरु गरेका छन्। उनको राजनीतिक भूमिकामा संगठन, गठबन्धन प्रयास र निर्वाचन रणनीति प्रमुख रहेको छ – जसले पार्टीलाई केही नयाँ मतदाता समूहदेखि व्यापक समर्थनसम्म पुऱ्याउन मद्दत गरेको छ। उनको पक्षमा देखिएको बलियो पक्ष भनेको राजनीतिक संयोजन, सुशासनका सन्देश र यथार्थवादी नीति प्रस्ताव हो। तर आलोचकहरूले पनि उनको नेतृत्वमा विवाद, व्यक्तिगत विवाद र अन्तःद्वन्द्व को विषयलाई जोड दिएका छन्, जसले



जनविश्वासमा असर पर्ने सम्भावना उत्पन्न गर्दछ।

नेपालमा सामाजिक मिडिया र लोकप्रिय सांगीतिक शैलीले राजनीति(मुख्यधारमा दृश्यात्मक जनसमर्थन को एक नयाँ संस्कृति सिर्जना गरेको छ। केही पुराना विश्लेषकले बालेन-रवि को जोडीलाई हिन्दी शोले चलचित्रका लोकप्रिय पात्र "जय-बिरु" शैली जस्तै मात्र भनी आलोचना गरेका छन् – जहाँ नेतृत्व दृश्यात्मकता, शैली र नाटक द्वारा लोकप्रिय हुन्छ तर गहिरो राजनीतिक प्रबन्ध, नीति र स्थायी परिवर्तन लाई अघि बढाउन कठिनाइ भोग्छ।

यो तुलना मात्र भावनात्मक नभई राजनीतिक सामाजिक विज्ञान को सन्दर्भमा पनि महत्त्वपूर्ण छ। चलचित्रमा पात्र लोकप्रिय हुन्छन् किनभने कथानक, भावनात्मक आकर्षण र शैली हुन्छ। राजनीतिक नेतृत्वले नीति, योजना, कार्यान्वयन र लोकसेवा लाई सुनिश्चित गर्नु पर्छ। यदि बालेन-रवि जोडी केवल सार्वजनिक छवि, शैली र मिडियामा आधारित लोकप्रियतामा मात्र सीमित रहोस्, तब यो चलचित्र शैलीकै नाटक बन्ने सम्भावना हुन्छ। तर यदि उनीहरूले भ्रष्टाचार नियन्त्रण, सामाजिक समावेशी नीति, रोजगारी सिर्जना, आर्थिक सुधार र दीर्घकालीन राजनीतिक स्थायित्व को रूपरेखा प्रस्तुत गरे भने यो यथार्थ राजनीतिक रूपमा कायाकल्प बन्न सक्छ।

यो खण्डमा हामी बालेन-रवि जोडीले प्रस्ताव गरेका मुख्य नीति विषय, कार्यक्रमका रूपरेखा र तिनका सम्भावनालाई विश्लेषण गर्नेछौं। नेपालमा भ्रष्टाचार लामो समयदेखि राजनीतिक, प्रशासनिक र आर्थिक प्रणालीमा एक ठूलो चुनौती रहिआएको छ। बालेन-रवि जोडीले भ्रष्टाचार विरुद्ध कडा नीति, सार्वजनिक सेवा पारदर्शिता, सरकारी बिभागीय सुधार जस्ता विषयलाई प्राथमिकतामा राखेको देखिन्छ। तर यसलाई सतहमा गरिएका प्रतिवद्धता भन्दा संरचनात्मक सुधार, कानुनी अमल र दण्ड प्रक्रियाको प्रभावकारी कार्यान्वयन सँग जोड्न जरुरी छ। यदि केवल भाषणमा भ्रष्टाचार विरोध गरिन्छ तर संरचना परिवर्तन, जवाफदेहिता र दन्ड प्रक्रियालाई प्रभावकारी बनाएँदैन भने यसको असर सतही सीमित हुनेछ।

नेपालमा रोजगार र शिक्षा एक ठूलो राजनीतिक-सामाजिक मुद्दा हो। युवा वर्गले उच्च शिक्षा, दक्षता विकास र रोजगारी अवसर को माग गर्दै आएको छ। बालेन-रवि जोडीले युवा-कुशलता कार्यक्रम, स्टार्ट(अप सहयोग, व्यावसायिक प्रशिक्षण जस्ता कार्यक्रमलाई प्राथमिकता दिनुपर्ने देखिन्छ। तर केवल घोषणामा मात्र यस्ता प्रतिवद्धता रहँदा जनविश्वासमा कमी आउन सक्छ। त्यसैले वास्तविक आयोजनाको कार्यान्वयन, वित्तीय स्रोतको संरचना, निजी क्षेत्रसँग साझेदारी हटाउँदै युवा रोजगार सिर्जना लाई सुसंगत योजना बनाउन जरुरी छ।

नेपालको अर्थतन्त्रमा कृषि एक आधारभूत भूमिका खेल्छ। कृषि सुधार, प्रविधि उपयोग, उत्पादनको मान्यता, विपणन संरचना र कृषि उद्यमशीलता राजनीतिक प्राथमिकता हुनु पर्छ। बालेन-रवि जोडीले कृषि नीतिमा दीर्घकालीन सुधार, व्यवस्थापिका समर्थन, सहकारी संगठनलाई सुदृढ बनाउने, बजारको पहुँच सुनिश्चित जस्ता कार्यक्रमलाई सशक्त बनाउनु पर्छ।

स्वास्थ्य सेवा नेपालको एउटा महत्त्वपूर्ण सामाजिक समस्या हो। विशेषगरि गाउँ-शहरी बीचको भेद, आर्थिक कमजोरी, आधारभूत स्वास्थ्य सेवा पहुँच को असमानता हटाउन व्यापक योजना आवश्यक छ। यो विषयलाई नीतिगत रूपले प्राथमिकता नदिँदा समाजमा दुर्लभ सेवा, स्वास्थ्य(बिमा, सञ्चार र सुविधा को समस्या उत्पन्न हुनेछ।

राजनीति केवल उम्मेदवार-जनताबीचको सम्बन्ध मात्र होइन – यो सामाजिक, आर्थिक, प्रशासनिक र अन्तर्राष्ट्रिय कारकहरूद्वारा चल्ने जटिल प्रक्रिया हो। बालेन-रवि जोडीले केही आलोचना र चुनौतीहरू सामना गरेको छ – जसलाई गम्भीर रूपमा विवेचना गर्न आवश्यक छ।

राजनीतिमा अनुभवको ठूलो भूमिका हुन्छ – खासगरी कुटनीति, प्रशासनिक निर्णय र अन्तर्राष्ट्रिय सम्बन्ध जस्ता विषयमा। यदि एक जोडी युवा, लोकप्रिय र शैलीमा बलियो होला तर राजनीतिक अनुभव, कार्यान्वयन क्षमता र परिपक्वता मा कमजोर भयो भने राज्यको सञ्चालनलाई सम्हाल्न कठिनाइ हुनेछ।

नेपाली राजनीति धेरै दल र गठबन्धनमा आधारित छ। राजनीतिक स्थायित्व प्राप्त गर्न स्थिर गठबन्धन, पार्टी अनुशासन र साझा नीति को आवश्यकता हुन्छ। यदि जोडी भित्र अन्तर्विरोध, असहमति वा विभाजन उत्पन्न भयो भने राजनीतिक स्थायित्व पनप्न कठिन हुन्छ।

नेपाल एक विविध, बहुभाषी, बहुधार्मिक, बहुजातीय राष्ट्र हो। नेतृत्वले सामाजिक समानता, विभेद विरुद्ध नीति, न्यूनतम सामाजिक सुरक्षा, महिला र उत्पीडित समूहको सशक्तिकरण मा निरन्तरता दिँदा सामाजिक स्थायित्व बढ्छ।

राजनीतिक नेतृत्वका दीर्घकालीन संकेतलाई नेतृत्व क्षमता, नीति कार्यान्वयन, सामाजिक समरसता, आर्थिक विकास र अन्तर्राष्ट्रिय सम्बन्धका आधारमा मूल्याङ्कन गर्न सकिन्छ। एक सफल नेताले दृढ निर्णय क्षमता, स्पष्ट नीति, परिस्थितिको विश्लेषण, सार्वजनिक संवाद, जवाफदेहिताको भावना राख्नु पर्छ। यदि बालेन-रवि जोडीले विश्लेषण, रणनीति, विपरीत परिस्थितिको सामना क्षमता विकास गऱ्यो भने उनीहरू दीर्घकालीन नेतृत्वको रूपमा स्थापित हुन सक्छन्।

नेपालले छिमेकी राष्ट्रहरूसँग सम्बन्ध सन्तुलन, आर्थिक साझेदारी, क्षेत्रीय नीति सम्हाल्न आवश्यक छ। बालेन-रवि नेतृत्वले वैदेशिक कूटनीति, आर्थिक सम्झौता, निवेश प्रवर्धन जस्ता आयाममा द्रुत र व्यवस्थित कदम चाल्नुपर्छ।

नेपाल एक बहुसांस्कृतिक समाज हो। नेतृत्वले सामाजिक समानता, विभेद विरुद्ध नीति, न्यूनतम सामाजिक सुरक्षा, महिला र उत्पीडित समूहको सशक्तिकरण मा निरन्तरता दिँदा सामाजिक स्थायित्व बढ्छ।

बालेन-रवि जोडीले नेपाली राजनीतिमा आशा, नयाँ सोच, युवा सहभागिता र सामाजिक अपेक्षा लाई जगाएको छ। तर यो जोडी केवल चलचित्र शैलीको नाटक मात्र हो कि स्थायी राजनीतिक नेतृत्व बन्नेछ भन्ने प्रश्नको उत्तर आजको समयमै पक्का भन्न कठिन छ।

यो निर्णय अब कार्य, नीति, योजना, कार्यान्वयन र जवाफदेहिताको वास्तविक रूपमा लागू हुने परिणाममा आधारित हुनेछ। यदि बालेन-रवि जोडीले मात्र लोकप्रियता र शैली मा निर्भर रह्यो भने यो चलचित्रको एक दृश्यजस्तै मात्र हुनेछ।

तर यदि उनले वास्तविक सुधार, सांस्कृतिक समावेशी नीति, अर्थतन्त्रको सुधार, अन्तर्राष्ट्रिय कूटनीति र सामाजिक न्याय लाई प्राथमिकता दिए भने यो उपाधि नेपाली राजनैतिक कायाकल्पको युग बन्न सक्नेछ।

सारांशमाः आशा छ, तर चुनौती अझै धेरै छ। कल्पना ठूलो छ, तर कार्यान्वयन भन्दा पनि कठिनाइ ठूलो छ। जनताको समर्थन प्राप्त छ, तर दीर्घकालीन विश्वास र परिणाम हेर्न बाँकी छ।

# भविष्यमा आउँदैछ गम्भीर जल संकट

कमला पुत्र


***जल नै जीवन हो,***
***जल बिना जीवन सम्भव छैन।***

यो भनाइले यस कुराको पुष्टि गर्छ कि पानी केवल तिर्खा मेटाउने साधन मात्र होइन, जीवनलाई कायम राख्ने सबैभन्दा महत्वपूर्ण तत्व हो। तर यति महत्वपूर्ण जल स्रोतको अवस्था के छ भने, विश्वभर पानीको अनियन्त्रित र अव्यवस्थित प्रयोग तथा बढ्दो जल प्रदूषणका कारण दिन प्रति दिन जल संकट गहिरिँदै गएको छ। सम्भवतः यही कुरालाई ध्यानमा राख्दै सन् १९९२ मा रियो पृथ्वी सम्मेलनमा पहिलो पटक पानीलाई विश्वव्यापी एजेन्डाको रूपमा गम्भीरतापूर्वक उठाइएको थियो।

रियो सम्मेलनका सिफारिसपछि २२ डिसेम्बर १९९२ मा संयुक्त राष्ट्र महासभाले प्रस्ताव पारित गरी हरेक वर्ष २२ मार्चका दिन "विश्व जल दिवस" मनाउने निर्णय गर्यो, जसले पानीसँग सम्बन्धित विभिन्न विषयहरूमा विश्वव्यापी ध्यान केन्द्रित गर्न मद्दत गर्छ। त्यसपछि १९९३ देखि हरेक वर्ष नियमित रूपमा यो दिवस मनाइँदै आएको छ।

विश्व जल दिवसका लागि प्रत्येक वर्ष फरक-फरक विषय (थिम) निर्धारण गरिन्छ, जसअनुसार कार्यक्रम सञ्चालन गरिन्छ। यस क्रममा जलको असमान वितरण, जल प्रदूषण, जल संकट, जल व्यवस्थापन लगायतका विषयमा छलफल गरिन्छ र जनचेतना फैलाइन्छ। यस दिवसको मुख्य उद्देश्य सबैलाई स्वच्छ पानी र सरसफाइ उपलब्ध गराउनु हो।

वर्तमान समयमा जल संकट विश्वव्यापी रूपमा गम्भीर चुनौती बनेको छ। संयुक्त राष्ट्रका अनुसार करिब



४० प्रतिशत जनसंख्या पानीको अभावबाट प्रभावित

छन्, र सन् २०५० सम्म यो संख्या ५० प्रतिशत पुग्ने अनुमान छ। अहिले पनि करिब २ अर्ब मानिससँग सुरक्षित पिउने पानी छैन भने ३.६ अर्ब मानिससँग सुरक्षित सरसफाइको सुविधा छैन।

तीव्र शहरीकरण र औद्योगिकीकरणका कारण शहरहरूमा पानीको माग बढ्दै गएको छ र यससँगै जल प्रदूषण पनि बढिरहेको छ। भूमिगत पानीको अत्यधिक दोहनले जलस्तर घट्दै गएको छ, जसले गर्दा पिउने पानी र सिँचाइ दुवैका लागि संकट बढेको छ।

भारत लगायत विश्वका धेरै देशहरू जल संकटको चपेटामा छन्। नेपालमा प्रति व्यक्ति पानीको उपलब्धता घट्दै गएको छ र भविष्यमा अझ कम हुने अनुमान गरिएको छ। काठमाडौ जनकपुर जस्ता शहरहरूमा जल संकट देखिन थालिसकेको छ।

एआई (कृत्रिम बुद्धिमत्ता) को बढ्दो प्रयोगले पनि पानीको खपत बढाइरहेको छ, जसले भविष्यमा जल संकटलाई अझ तीव्र बनाउन सक्छ।

यी सबै अवस्थालाई ध्यानमा राख्दै अब वैज्ञानिक र समुचित जल व्यवस्थापन अत्यन्त आवश्यक भएको छ। पानी बचाउने उपायहरू अपनाउनु, पानीको दुरुपयोग रोक्नु, वर्षा जल संकलन गर्नु, ड्रिप सिँचाइ प्रयोग गर्नु, पानी प्रदूषणबाट जोगाउनु, भूमिगत पानीको दोहन घटाउनु र प्रत्येक थोपा पानीको सही उपयोग गर्नु अत्यन्त जरुरी छ।

पानी बचाउने जिम्मेवारी प्रत्येक व्यक्तिको हो। जबसम्म जन-जन सचेत हुँदैनन्, तबसम्म जल संकटबाट मुक्ति सम्भव छैन।

आउनुहोस्, पानी बचाऔं–भविष्य बचाऔं।

***जय कमलामाई !***

# राष्ट्रपतिद्वारा पानीको समान पहुँच सुनिश्चित गर्न आह्वान



काठमाण्डु। राष्ट्रपति रामचन्द्र पौडेलले पानीको संरक्षण, दिगो उपयोग तथा समान पहुँच सुनिश्चित गर्न सबै सरकारी निकाय, विकास साझेदार, विभिन्न सङ्घसंस्था तथा आमनागरिकलाई आपसी सहकार्य, समन्वय र प्रतिबद्धताका साथ अघि बढ्न आह्वान गर्नुभएको छ ।विश्व पानी दिवस, २०२६ (२२ मार्च) का अवसरमा आइतबार शुभकामना व्यक्त गर्नुहुँदै राष्ट्रपति पौडेलले खानेपानी व्यवस्थापनका हरेक तहमा लैङ्गिक समानता, समानुपातिक सहभागिता र न्यायोचित पहुँच सुनिश्चित गर्नुपर्ने आवश्यकतासमेत औँल्याउनुभएको छ।

राष्ट्रपति पौडेलले भन्नुभएको छ, "पानी जीवन, स्वास्थ्य, समृद्धि र सामाजिक न्यायको आधार हो, मानव सभ्यताको विकासदेखि आजसम्म पानीले जीवनयापनका हरेक पक्षलाई दिशानिर्देश गरेको छ । प्राचीन मानव सभ्यताहरू नदी किनारमा विकास भए, वर्तमान अवस्थामा आइपुग्दा जीवनको अस्तित्व जोगाउन प्रकृति र पानीको संरक्षण गर्ने कार्य चुनौतीपूर्ण बन्दै गइरहेको छ।"

भूमिगत जलस्रोत महत्त्वपूर्ण प्राकृतिक सम्पदा भएको र जसले पारिस्थितिकीय प्रणालीलाई दिगो बनाउने र नदीहरूको बहावलाई व्यवस्थित गर्न, जलवायु परिवर्तनको प्रभाव न्यूनीकरण गर्न र सुरक्षित पिउने पानी परिपूर्ति गर्न मद्दत पुर्याउने राष्ट्रपति पौडेलले उल्लेख गर्नुभएको छ । बढ्दो सहरीकरण र भौतिक पूर्वाधार निर्माणका क्रममा भएका प्राकृतिक विनास, जलवायु परिवर्तन एवं प्रदूषणका कारण पानीका स्रोतहरू सुक्दै गइरहेको उहाँको भनाइ छ।

सन्देशमा भनिएको छ, "भूमिगत जलस्रोतको अतिदोहन र सहरी क्षेत्रमा निर्माण गरिएका पक्की भौतिक संरचनाका कारण पुनर्भरणमा अवरोध उत्पन्न हुँदा जमिनमुनिको पानीको सतह निरन्तर घटिरहेको छ, साथै अव्यवस्थित मानव बस्ती र बढ्दो औद्योगीकरणका कारण भूमिगत जलस्रोत प्रदूषित हुँदै गएको छ।" भविष्यमा आउनसक्ने जलसङ्कटको चुनौतीलाई मध्यनजर गर्दै भूमिगत जलस्रोतको पुनर्भरणका लागि जलाधार क्षेत्रको संरक्षण गर्ने तथा ग्रामीण भेगमा आहाल, पोखरी र तालतलैयाहरूको निर्माण गर्नेजस्ता परम्परागत विधिको संवर्द्धन गर्नुपर्ने राष्ट्रपति पौडेलको भनाइ छ।


समस्त जीवन र जगत्को अस्तित्व रक्षा गर्ने प्रकृतिप्रदत्त वरदानका रूपमा रहेको पानीको महत्त्व, संरक्षण र दिगो प्रयोगका बारेमा जनचेतना अभिवृद्धि गर्ने उद्देश्यसहित संयुक्त राष्ट्रसङ्घको आह्वानमा सन् १९९३ देखि हरेक वर्ष मार्च २२ तारिखलाई विश्व समुदायले पानी दिवसका रूपमा मनाउँदै आएको छ । नेपालमा यस वर्ष 'लैङ्गिक समानताका लागि पानीको महत्त्वपूर्ण भूमिका' सन्देशका साथ विभिन्न जनचेतनामूलक कार्यक्रमसहित विश्व पानी दिवस मनाइँदै छ ।रासस

# 'नागरिक सेवा प्रवाह र सुशासनका लागि एनआइडी इन्टिग्रेसन उपयोगी'

काठमाण्डु । के तपाईंले नयाँ नागरिकता बनाउनुभएको छ । यदि त्यसो हो भने अब राष्ट्रिय परिचयपत्र बनाउन जाँदा तपाईंले झण्झट बेहोर्नुपर्ने छैन किनकी नयाँ नागरिकता लिएका नागरिकले राष्ट्रिय परिचयपत्र बनाउँदा छुट्टै फारम भरेर लाइन बस्नुपर्दैन।

पहिला छुट्टै फारम भरेर शुल्क पनि तिर्नुपर्ने र घण्टौँसम्म लाइन बस्नुपर्ने बाध्यता थियो । अब भने सहज र छिटो तरिकाले राष्ट्रिय परिचयपत्र बन्नेछ । प्रि इनरोलमेन्ट फारम नभरीकनै नागरिकता नम्बरका आधारमा राष्ट्रिय परिचयपत्र लिन सकिने भएको हो।

नेपाल सरकारको डिजिटल सुशासन र प्रशासनिक सरलीकरणको अभियानअन्तर्गत जिल्ला प्रशासन कार्यालय, ललितपुरबाट उद्घाटन गर्दै अब ७७ वटै जिल्लाबाट प्रि इनरोलमेन्ट फारम नभरिकनै नागरिकता नम्बरका आधारमा राष्ट्रिय परिचयपत्रका लागि आवेदन दिई राष्ट्रिय परिचयपत्र प्राप्त गर्न सकिने छ। उक्त सेवाको आइतबार एक विशेष कार्यक्रमबीच गृहमन्त्री ओमप्रकाश अर्यालले शुभारम्भ



गर्नुभयो।

वर्षौंदेखि हुन नसकेको र सेवा प्रवाहमा नागरिकता र राष्ट्रिय परिचयपत्रको लागि छुट्टाछुट्टै फारम भरी समयसमेत खर्चिनुपर्ने अवस्थालाई हटाउन, सेवा प्रवाहमा सरल र सहज पहुँच स्थापित गरिएको छ। सो अवसरमा गृहमन्त्री अर्यालले नागरिक सेवा प्रवाह र सुशासनका लागि एनआइडी इन्टिग्रेसन उपयोगी र सान्दर्भिक हुने बताउनुभयो । उहाँले परिवर्तित प्रणाली डिजिटल सुशासनको मानक भएको उल्लेख गर्नुभयो।

गृहमन्त्री अर्यालले यो पहल डिजिटल सुशासन सुदृढीकरण, सार्वजनिक सेवा प्रवाह सुधार तथा एकीकृत डिजिटल परिचय प्रणाली प्रवर्द्धनतर्फ सरकारको महत्वपूर्ण कदमका रूपमा लिइएको बताउनुभयो । यस नयाँ व्यवस्था अनुसार जिल्ला प्रशासन कार्यालयबाट नागरिकताको प्रमाणपत्र प्राप्त गर्ने नेपाली नागरिकले अब राष्ट्रिय परिचयपत्रका लागि छुट्टै अनलाइन पूर्व-दर्ता फाराम भर्नु नपर्ने भएको छ। यसले सेवा प्रवाहलाई सरल, छरितो तथा नागरिकमैत्री बनाएको मन्त्री अर्यालको भनाइ छ।

यो सेवा केन्द्रीय नागरिकता व्यवस्थापन सूचना प्रणाली (सिसिएमआइएस) र राष्ट्रिय परिचयपत्र व्यवस्थापन सूचना प्रणाली (इनआइडीएमआईएस) बीच एपिआईमार्फत गरिएको अन्तर-आबद्धताबाट सम्भव भएको हो । नागरिकताको प्रमाणपत्र प्राप्त गरेकै दिन सम्बन्धित जिल्ला प्रशासन कार्यालय तथा राष्ट्रिय परिचयपत्र विवरण दर्ता केन्द्रमा नागरिकको ११ अङ्कको नागरिकता नम्बर प्रविष्ट गरेपछि सम्बन्धित नागरिकका विवरण स्वतः सिसिएमआइएस बाट एनआइडीउमआइएसमा प्राप्त भई औँठाछाप, आँखा (आइरिस), फोटो तथा हस्ताक्षरजस्ता जैविक विवरण सङ्कलन गरी राष्ट्रिय परिचयपत्र दर्ता प्रक्रिया सम्पन्न गरिन्छ ।देशभर दैनिक करिब आठ हजारदेखि नौ हजार नागरिकता प्रमाणपत्र जारी हुने अवस्थालाई मध्यनजर गर्दै यस प्रणालीमार्फत ठूलो सट्यामा नागरिकले नागरिकता प्राप्त गर्ने दिनमै राष्ट्रिय परिचयपत्रमा दर्ता हुने सुविधा प्राप्त गर्नेछन्। यसबाट सेवा लिने समय घट्ने, पुनः कार्यालय धाउनुपर्ने अवस्था कम हुने तथा सेवा प्रवाह अझ प्रभावकारी हुने अपेक्षा गरिएको छ।

सो अवसरमा जिल्ला प्रशासन कार्यालय, ललितपुरबाट नागरिकताको प्रमाणपत्र प्राप्त गरेकै दिन राष्ट्रिय परिचयपत्र सेवा प्राप्त गर्ने पहिलो नागरिकलाई राष्ट्रिय परिचयपत्रसमेत हस्तान्तरण गरिएको छ।

गृहमन्त्री अर्यालले सो परिचयपत्र हस्तान्तरण गर्नुभयो। यस प्रणाली लागू हुनुअघि नागरिकता प्राप्त गरिसकेका नागरिकले भने विद्यमान अनलाइन पूर्व-दर्ता प्रणालीमार्फत राष्ट्रिय परिचयपत्र दर्ता गर्न सक्नेछन् ।रासस

# सिंहदरबार सुरक्षा प्रवन्धबारे गृहमन्त्रालयमा बैठक

काठमाण्डु। सिंहदरबार सुरक्षा प्रवन्धका लागि गृहमन्त्री ओमप्रकाश अर्यालको अध्ययक्षता आइतबार मन्त्रालयमा बैठक बसी सुरक्षा तयारीबारे छलफल भएको छ। गृहसचिव राजकुमार श्रेष्ठ, प्रहरी महानिरीक्षक दानबहादुर कार्की, मन्त्रालयका उच्च अधिकारीसहितको बैठकले



नवनिर्वाचित सङ्घीय सांसदहरुको सपथ ग्रहण र अधिवेशन सञ्चालनदेखि सिंहदरबार भित्रको आन्तरिक सुरक्षा तयारीबारे छलफल भएको हो।

बैठकमा गृहमन्त्री अर्यालले सांसदहरुको सपथ ग्रहण, संसद अधिवेशन सञ्चालन र व्यवस्थापन तथा सिंहदरबारभित्रका मन्त्रालयको सुरक्षालाई समेत ध्यानमा राखेर ट्राफिक व्यवस्थापन, सुरक्षा व्यवस्थापन र आर्थिक व्यवस्थापन गर्न निर्देशन दिनुभयो। सो अवसरमा सुरक्षाको आवश्यकीय प्रवन्ध गरिएको प्रहरीका उच्च अधिकारीबाट जानकारी गराइएको थियो ।रासस

# बागमतीका १३ जिल्लामा 'एक जिल्ला एक स्वस्थ सहर' निर्माण गरिने




भक्तपुर । बागमती प्रदेश स्वास्थ्य मन्त्रालयले प्रदेशका १३ वटै जिल्लालाई 'एक जिल्ला एक स्वस्थ सहर' घोषणा गर्ने तयारी गरिएको छ। बागमती प्रदेशका स्वास्थ्यमन्त्री किरण थापामगरले रासससँगको कुराकानीमा स्वास्थ्य मन्त्रालयले प्रत्येक जिल्लाको एउटा सहर वा पालिकालाई स्वस्थ्य सहर बनाएर घोषणा गर्नेगरी अभियान सञ्चालन गरेको जानकारी दिनुभयो।

यसका लागि प्रदेशका १३ वटै जिल्लाका जनस्वास्थ्य कार्यालय प्रमुख, जिल्ला अस्पतालका प्रमुख एवं प्रतिनिधिलगायत सरोकार भएका निकायलाई स्वस्थ, सुरक्षित र दिगो सहर निर्माणका लागि आवश्यक कार्ययोजना तयार गर्ने विषयमा छलफल तथा अभिमुखीकरणसमेत सम्पन्न गरिसकेको उहाँले जानकारी दिनुभयो । अभिमुखीकरण अनुसार आवश्यक तयारी थाल्न उहाँले सरोकार भएका सबैलाई निर्देशन दिनुभयो।

प्रदेशका प्रत्येक जिल्लामा स्वास्थ्यमैत्री वातावरण निर्माण गर्ने, स्वास्थ्यका अत्यावश्यक पूर्वाधार पुऱ्याउने, जिल्लाका नागरिकको स्वास्थ्य, सरसफाइ तथा जीवनस्तर अभिवृद्धि गर्ने, सहज स्वास्थ्य सेवाको पहुँच पुऱ्याउने गरी 'एक जिल्ला एक स्वस्थ सहर' निर्माण अभियानलाई अगाडि बढाउने निर्णय गरिएको मन्त्री थापामगरले उल्लेख गर्नुभयो।

प्रदेश स्वास्थ्य मन्त्रालयका सचिव सुमित्रा गौतमले स्वास्थ्य क्षेत्रको प्रभावकारी कार्यान्वयन, उपलब्धि मूल्याङ्कन तथा सुधारका अवसरको पहिचान गरी प्रत्येक जिल्लालाई स्वास्थ्य सहर निर्माण गरी स्वस्थ्य नागरिक बनाउने उद्देश्यले अभियान सञ्चालन गर्न लागिएको धारणा राख्नुभयो । उहाँले बागमतीलाई स्वास्थ्य क्षेत्रमा नमूना प्रदेश बनाउने लक्ष्यका साथ स्वास्थ्य क्षेत्रलाई व्यवहारिक, दिगो र परिणाममुखी बनाउनेगरी योजना तर्जुमा गरिएको जानकारी दिनुभयो । प्रदेशका १३ वटै जिल्लामा स्वास्थ्य सेवामा गुणस्तरीय बनाउने, पहुँच विस्तार, जनचेतना वृद्धि तथा प्रविधिको प्रभावकारी प्रयोग गर्दै प्राथमिकताका क्षेत्र निर्धारण गरी प्रदेशको समग्र स्वास्थ्य प्रणाली सुदृढीकरण गर्ने लक्ष्य लिइएको उहाँको भनाइ छ।

प्रत्येक नागरिकले उपचार आफ्नै जिल्लाका अस्पतालमा सहज रूपमा पाउने गरी व्यवस्था गर्दै अस्पताललाई उपकरण, प्रविधिमैत्री बनाउने गरी व्यवस्थापनको तयारी थालिएको स्वास्थ्य सचिव गौतमले जानकारी दिनुभयो । स्वस्थ्य सहर, स्वस्थ्य नागरिकका लागि प्रदेश स्वास्थ्य मन्त्रालयले अभियान सञ्चालन गर्नेगरी प्रत्येक जिल्लामा तयारी गरिएको उहाँले बताउनुभयो ।रासस

# उपराष्ट्रपति यादवद्वारा पानी दिवसको शुभकामना

काठमाण्डु। उपराष्ट्रपति रामसहायप्रसाद यादवले पानीको न्यायपूर्ण वितरण र पहुँच सुनिश्चित गर्न राज्यका नीतिहरू प्रभावकारी बनाउन जरुरी रहेको बताउनुभएको छ। विश्व पानी दिवस, २०२६ का अवसरमा आइतबार शुभकामना व्यक्त गर्दै उहाँले भन्नुभएको छ, "पानी जीवनको आधार हो, यसको संरक्षण र समुचित उपयोग हाम्रो साझा जिम्मेवारी हो।"

उपराष्ट्रपति यादवले पछिल्लो समय पानी सङ्कटको गम्भीर चुनौतीसँग जुधिरहेको उल्लेख गर्दै जलवायु परिवर्तनले हिमनदी पग्लिने दर बढाएको बताउनुभएको छ। सन्देशमा भनिएको छ, "भूमिगत पानीको स्तर घट्दै गएको छ, विशेषतः तराई-मधेसमा र भविष्यको प्रश्न पनि भएको उहाँको भनाइ छ।

नेपाल जलस्रोतमा धनी देश भए पनि त्यसको उपयोग र संरक्षणमा अझै सक्षम बन्न नसकेको उल्लेख गर्दै उपराष्ट्रपति यादवले नदी, ताल, झरना र भूमिगत पानीको दीर्घकालीन संरक्षणका लागि वैज्ञानिक दृष्टिकोण टड्कारो भएको बताउनुभएको छ। स्थानीय समुदायलाई सहभागी गराएर पानीको स्रोत व्यवस्थापन गर्दै आधुनिक प्रविधि प्रयोग गरी पानीको भण्डारण, पुनःउपयोग र शुद्धीकरणमा ध्यान दिनुपर्ने उहाँको भनाइ छ।

उपराष्ट्रपति यादवले भन्नुभएको छ, "विश्व पानी दिवसले हामीलाई पानीको संरक्षणलाई राष्ट्रिय प्राथमिकतामा राख्ने, भावी पुस्ताका लागि सुरक्षित र स्वच्छ पानी उपलब्ध



यो समस्या गम्भीर छ, पहाडी भूभागका झरना र प्राकृतिक स्रोतहरू सुक्दै गएका छन्, प्रदूषण, अव्यवस्थित संरचना र कमजोर व्यवस्थापनले जलासयहरूको क्षमता घटाएको छ।" यी चुनौतीलाई अवसरमा रूपान्तरण गर्न सबैले मिलेर काम गर्नुपर्ने र पानीको संरक्षण वातावरणीय मुद्दामात्र होइन, राष्ट्रिय अस्तित्व

गराउने, पानीको न्यायपूर्ण पहुँच सुनिश्चित गर्दै सामाजिक समानता बलियो बनाउने, हिमनदी, आर्द्रभूमि र प्राकृतिक स्रोतहरूको संरक्षणलाई सामूहिक अभियानका रूपमा अगाडि बढाउने, महिलाहरूको आवाजलाई सुन्ने र उनीहरूको भूमिकालाई मान्यता दिने सङ्कल्प लिन प्रेरित गर्न सकोस्।"रासस

# नीतिगत सुधार, सेवा प्रवाह र सामाजिक न्यायमा महत्वपूर्ण उपलब्धि

काठमाण्डु । महिला, बालबालिका तथा ज्येष्ठ नागरिकमन्त्री श्रद्धा श्रेष्ठले आफ्नो कार्यकालको १०० दिने प्रगति प्रतिवेदन सार्वजनिक गर्नुभएको छ।

उहाँले कार्यकाल सुरु भएको मङ्सिर २६ गतेदेखि चैत ८ गतेसम्मको उपलब्धि सार्वजनिक गर्नुभएको हो । उहाँका अनुसार करिब १०० दिनको अवधिमा नीतिगत, संरचनागत तथा सेवा प्रवाह सुधारका महत्वपूर्ण प्रयास सुरु भएका छन् । सो अवधिमा मन्त्रालयले समावेशी शासन, लैङ्गिक समानता र सामाजिक न्यायका क्षेत्रमा उल्लेखनीय उपलब्धि हासिल गरेको उल्लेख गरेको छ ।नीतिगत सुधार र संस्थागत सुदृढीकरण, सार्वजनिक सेवा प्रवाह र लक्षित उपलब्धि, अन्तरराष्ट्रिय कार्यालयमा सहभागिता र कुटनीतिक भेटघाट, निर्वाचन केन्द्रित समन्वय तथा सहभागिता अभिवृद्धि, सेवा/सहायता सामग्री वितरण, अनुगमन तथा मूल्याङ्कन, तथ्याङ्क प्रणाली सुदृढीकरणलगायत उपलब्धि मन्त्री श्रेष्ठले उल्लेख गर्नुभयो।



यस अवधिमा मन्त्रालयले नीतिनिर्माण र सुधारलाई प्राथमिकता दिएको छ । मानव बेचबिखन तथा ओसारप्रसार (नियन्त्रण) (दोस्रो संशोधन)नियमावली, २०८२ को मस्यौदा तथा राष्ट्रिय बालबालिका नीति २०८० कार्यान्वयनको कार्ययोजनाको मस्यौदा तयार भएको छ। यसैगरी लैङ्गिक हिंसा सम्बोधन गर्न लैङ्गिक हिंसाविरुद्धको राष्ट्रिय कार्ययोजना तथा मर्यादित महिनावारीसम्बन्धी निर्देशिकाको मस्यौदा तयार भएको छ ।नेपाल सरकार मन्त्रिपरिषद्को निर्णयानुसार नुवाकोटमा बालसुधार गृह स्थापना गरिएको छ। यसैगरी भक्तपुरमा निजामती कर्मचारीका शिशुका लागि दिवा शिशु स्याहार स्थापना गर्ने निर्णय भएको छ।

मन्त्रालयलाई अपाङ्गता भएका व्यक्तिको विविधता सम्बोधन गर्ने गरी सुरुआती चरणमा दृष्टिविहीन व्यक्तिको पहुँच सुनिश्चित गर्न पहिलो पटक ब्रेल एमबोस गरिएको बोर्ड तथा भिजिटिङ कार्ड प्रयोगमा ल्याइएको छ ।समाज कल्याण परिषद्को कामकारबाहीलाई निष्पक्ष, पारदर्शी र प्रभावकारी बनाउन 'डिजिटल सेवा प्रवाह प्रणाली' शुभारम्भ गरिएको छ ।जेनजी आन्दोलनमा घाइते तथा प्रभावितहरुसँग निरन्तर छलफल भेटघाट तथा आगामी वर्षको नीति तथा कार्यक्रम र बजेटमा सशक्तीकरणका कार्यक्रमा समेट्ने गरी प्रतिबद्धता गरिएको छ। तथ्याङ्क प्रणाली सुदृढीकरण गर्दै मन्त्रालयको कार्यक्षेत्रसँग समबन्धित ७६ जिल्लाको डाटाबेस बनाइएको छ।

प्रतिवेदनमा मन्त्री श्रेष्ठले मन्त्रालयको कार्यक्षेत्रका विषयमा दीर्घकालीन सुधारका लागि कानुनी सुधार गर्न लामो प्रक्रिया र समय लाग्ने समस्या उल्लेख गर्नुभएको छ । मन्त्रालयले छोटो अवधिमा निर्वाचन केन्द्रित रहँदै विभिन्न नीतिगत सुधार, संस्थागत सुदृढीकरण र प्रत्यक्ष सेवा सुधारका लागि महत्वपूर्ण पहलहरु अघि बढाएको मन्त्री श्रेष्ठले सार्वजनिक गर्नुभएको प्रगति विवरणमा उल्लेख छ ।रासस

# सडक ऐन संशोधन गर्ने विधेयक गण्डकी प्रदेशसभामा

गण्डकी। गण्डकी प्रदेशसभाको आइतबारको बैठकमा गण्डकी प्रदेश सडक ऐन २०८१ लाई संशोधन गर्न बनेको विधेयक प्रस्तुत भएको छ। भौतिक पूर्वाधार विकास तथा यातायाता व्यवस्थामन्त्री प्रकाशबहादुर केसीले उक्त विधेयक प्रदेशसभामा पेस गर्नुभएको हो। सोमबार बस्ने प्रदेशसभा बैठकमा उक्त विधेयकमाथि छलफल हुने प्रदेशसभा सचिवालयका सचिव गोविन्द पौडेलले जानकारी दिनुभयो। "विधेयकमाथि छलफल भएपछि पारित गर्ने प्रकृया अगाडि बढ्छ", उहाँले भन्नुभयो।

आइतबारको बैठकमा नेपाल कम्युनिष्ट पार्टी (एमाले) संसदीय दलका नेता खगराज अधिकारी, विपक्षी दलका नेता हरिबहादुर चुमान र नेपाली कांग्रेस संसदीय दलका तर्फबाट प्रदेशसभा सदस्य महेन्द्र जिसीले समसामयिक विषयमा आफ्नो धारणा राख्नुभएको थियो। बैठकको शून्य समयमा प्रदेशसभा सदस्य दमयन्ती रुचाल, दिलमाया पौवी, नन्दकला नेपाली, भक्तबहादुर कुँवर, भीमबहादुर कार्की, महेश भट्टराई, लिलबहादुर थापा, श्यामराजा महत र हरिबहादुर भण्डारीले आफ्नो धारणा राख्नुभएको थियो ।रासस


## Aurahi Rural Municipality
### Deuri Parwaha, Dhanusha
### Madhesh Province,Nepal
### INVITATION FOR ONLINE BIDS

**Date of publication: 23-03-2026**

Aurahi Rural Municipality, Office of the Rural Municipal Executive, Deuri Parwaha, Dhanusha invites following electronic bid from eligible Nepalese bidders under National Competitive Bidding ( NCB/SQ). Eligible bidders may obtain further information from PPMO's website www.bolpatra.gov.np/egp.

| S. N. | Contract ID No. and Description | Bid Document Price (Non Refundable) | Last Date and Time of Bid Document Submission | Bid Opening Date | Bid Validity Period | Bid Security | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | Amount Nrs. | Validity Period |
| 1 | 09/SQ/WORKS/ARM/082/83 Construction of the community building in the south side at Kaptaul | Nrs. 1000 | 07/04/ 2026 (Within 12:00 hrs) | 07/04/ 2026 At 13:00 hrs | 45 days From the last date of bid submission | Rs 42500/- | 30 days beyond the validity period of the bid |

**Chief Administration Officer**

# होर्मुज तनाव चर्किँदै, प्रतिआक्रमणको चेतावनी



एएफपी

तेहरान । मध्यपूर्वमा बढ्दो सैन्य तनावबीच इरानले अमेरिकी चेतावनीको कडा प्रतिवाद गर्दै आफ्ना पूर्वाधारमा कुनै पनि आक्रमण भए क्षेत्रभरिका रणनीतिक संरचनामाथि प्रतिआक्रमण गर्ने स्पष्ट सङ्केत दिएको छ। अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले इरानले होर्मुज जलडमरूमध्य खुला नगरे शक्तिशाली प्रहार गर्ने चेतावनी दिएसँगै परिस्थितिले थप जटिल मोड लिएको छ।

ट्रम्पले आफ्नो ट्रुथ सोसल प्लेटफर्ममार्फत इरानलाई ४८ घण्टाको समयसीमा दिँदै जलडमरूमध्य खुला नगरे देशका प्रमुख पावर प्लान्टहरूलाई लक्षित गरी 'नष्ट गर्ने' चेतावनी दिनुभएको थियो । त्यसको प्रत्युत्तरमा इरानको सैन्य परिचालन कमान्डले अमेरिकासँग सम्बन्धित ऊर्जा, सूचना प्रविधि तथा डिसेलिनेसन पूर्वाधारहरू क्षेत्रभरि निशानामा पर्ने चेतावनी दिएको छ ।यसैबीच, इरानले नतान्जस्थित आणविक स्थलमा भएको आक्रमणपछि दक्षिणी इजरायलका अराद र डिमोना सहरमा क्षेप्यास्त्र प्रहार गरेको छ । इजरायली हवाई सुरक्षालाई पार गर्दै प्रहार गरिएका मिसाइलहरूले आवासीय संरचनामा क्षति पुऱ्याएका छन् भने १०० भन्दा बढी मानिस घाइते भएका छन् । डिमोनामा रहेको संवेदनशील आणविक क्षेत्रमा नजिकै प्रहार हुँदा थप चिन्ता बढेको छ, यद्यपि इजरायलले आफ्नो आणविक क्षमताबारे औपचारिक रूपमा स्वीकार गरेको छैन।

इजरायलले यसको जवाफस्वरूप तेहरानमा नयाँ हवाई आक्रमण सुरु गरेको जनाएको छ। तीन हप्तादेखि जारी द्वन्द्वमा यो आक्रमण सबैभन्दा विनाशकारीमध्ये एक मानिएको छ । अरादमा विस्फोटपछि उद्धारकर्मीहरूले भग्नावशेषबाट घाइतेहरूको खोजी गरिरहेका दृश्यहरू सार्वजनिक भएका छन् । स्थानीय बासिन्दाहरूले विस्फोटको भयावह अनुभव सुनाएका छन् ।

यस तनावको केन्द्रमा रहेको होर्मुज जलडमरूमध्य विश्व अर्थतन्त्रका लागि अत्यन्त महत्त्वपूर्ण मार्ग हो । यहाँबाट विश्वको झन्डै पाँचौं भाग कच्चा तेल ओसार पसार हुने गर्दछ। हालको अवरोधका कारण अन्तर्राष्ट्रिय बजारमा तेलको मूल्य प्रतिब्यारेल १०५ डलरभन्दा माथि पुगेको छ, जसले आर्थिक अस्थिरताको सङ्केत दिएको छ ।ट्रम्पले नाटो सहयोगीहरूको आलोचना गर्दै जलडमरूमध्य सुरक्षित गर्न सक्रिय भूमिका खेल्न आग्रह गर्नुभएको छ । बेलायत, फ्रान्स, इटाली, जर्मनी, दक्षिण कोरिया, अस्ट्रेलिया, संयुक्त अरब इमिरेट्स र बहराइनसहित २२ राष्ट्रले इरानद्वारा जलमार्ग अवरुद्ध गरिएको भन्दै विरोध जनाएका छन् ।

अमेरिकी सेन्ट्रल कमान्डका अनुसार हालै इरानका तटीय भूमिगत संरचनामाथि बङ्कर-बस्टिङ बम प्रहार गरिएको छ, जसले इरानको समुद्री मार्ग नियन्त्रण क्षमतामा केही हदसम्म असर पारेको दाबी गरिएको छ । यसैबीच हजारौँ अमेरिकी सैनिकहरू मध्यपूर्वतर्फ परिचालन भइरहेका छन् ।इरानले खाडी क्षेत्रका देशहरूलाई पनि निशाना बनाउँदै आएको छ । साउदी अरेबियाले रियाद नजिक तीनवटा ब्यालेस्टिक मिसाइल फेला परेको र तीन ड्रोन खसालिएको जनाएको छ। संयुक्त अरब इमिरेट्सले पनि इरानी आक्रमणको प्रतिकार गरेको बताएको छ । त्यस्तै, इरानले डिएगो गार्सियास्थित अमेरिका-बेलायत सैन्य अड्डामाथि लामो दूरीको मिसाइल प्रहार गर्ने प्रयास गरेको दाबी गरिएको छ, यद्यपि त्यो असफल भएको जनाइएको छ।

विश्लेषकहरूका अनुसार इरानको सैन्य क्षमता अपेक्षा गरिएकोभन्दा बढी टिकाउ देखिएको छ । शीर्ष नेतृत्वमा क्षति पुगे पनि सरकार र सैन्य संरचनाले लचकता प्रदर्शन गरेको ठानिएको छ।यस तनावपूर्ण अवस्थाबीच इरानमा रमजानको अन्त्य र नौरोज पर्व मनाइएको छ । सर्वोच्च नेता परिवर्तनपछि सार्वजनिक रूपमा कम देखिएका छन् भने धार्मिक गतिविधिहरू अन्य नेतृत्वमार्फत सम्पन्न भइरहेका छन् । सर्वसाधारणले नयाँ वर्ष मनाइरहँदा युद्धको त्रासले वातावरण गम्भीर बनेको अनुभव गरेका छन् ।

# प्रधानमन्त्री कप क्रिकेट: एपीएफ विजयी



काठमाण्डु । प्रधानमन्त्री कप एकदिवसीय पुरुष राष्ट्रिय क्रिकेट प्रतियोगितामा एपीएफ क्लबले बागमती प्रदेशलाई पराजित गरेको छ।

काठमाडौँको माथिल्लो मूलपानी क्रिकेट मैदानमा आइतबारभएकोखेलमाएपीएफले बागमती प्रदेशलाई ७१ रनले पराजित गरेको हो । दुई सय ७२ रनको लक्ष्य पछ्याएको बागमती प्रदेशको पारी ४५.१ ओभरमा सबै विकेट गुमाउँदै २०० रनमै समेटियो । बागमतीका लागि विवेक मगरले ३४ रन, उत्तम मगरले २६, सुबास खत्रीले २७ रन तथा रिजन ढकालले अविजित २० रन जोडे । बलिङतर्फ एपीएफका रोहित पौडेल र अभिषेक गौतमले तीन/तीन तथा युवराज खत्री, नन्दन यादव र कमलसिंह ऐरीले एक एक विकेट लिए।

त्यसअघि टस हारेर पहिला ब्याटिङको निम्तो पाएको एपीएफले निर्धारित ५० ओभरमा ८ विकेट गुमाएर २७१ रन बनायो। एपीएफका लागि आसिफ शेखले सर्वाधिक ११४ रनको योगदान दिए । उनले १४ चौका र ३ छक्का प्रहार गरे । त्यस्तै सन्दीप जोराले ५२, लोकेश बमले २ ९, युवराज खत्रीले अविजित २६ तथा कप्तान रोहित पौडेलले ९ रन बनाए। बलिङतर्फ बागमतीका रिजन ढकालले चार, इसान पाण्डेले दुई तथा सन्दिप लामिछाने र सोनु देवकोटाले एक एक विकेट लिए।

प्रतियोगितामा तीन विभागीय टोली नेपाल पुलिस क्लब, त्रिभुवन आर्मी क्लब र नेपाल एपीएफ क्लब तथा सात प्रदेश सहभागी छन्।

शनिबारदेखि सुरु भएको प्रतियोगिताको विजेताले रु १० लाख तथा उपविजेताले रु पाँच लाख प्राप्त गर्नेछन् ।रासस

# डार्फर अस्पताल आक्रमणमा ६४ को मृत्यु

एपी

कायरो । युद्धग्रस्त सुडानमा स्वास्थ्य संरचनामाथिको आक्रमण थप भयावह बन्दै गएको छ। यहाँ पश्चिमी डार्फर क्षेत्रको एक अस्पतालमा गरिएको प्रहारमा कम्तीमा ६४ जनाको ज्यान गएको विश्व स्वास्थ्य सङ्गठनले जनाएको छ। मृतकमध्ये १३ जना बालबालिका रहेका छन्, जसले द्वन्द्वको मानवीय मूल्य अझ गम्भीर बनाएको छ ।विश्व स्वास्थ्य सङ्गठनका प्रमुख टेड्रोस गेब्रेयससका अनुसार गत शुक्रबार पूर्वी डार्फरको अल डेइन शिक्षण अस्पतालमा भएको आक्रमणमा कम्तीमा ८९ जना घाइते भएका छन्। आक्रमणपछि अस्पताल पूर्ण रूपमा निष्क्रिय बनेको छ, जसले घाइते र बिरामीहरूको उपचारमा गम्भीर सङ्कट सिर्जना गरेको छ।

सुडान सन् २०२३ अप्रिलदेखि गम्भीर द्वन्द्वमा फसेको छ। यस मुलुकमा नियमित सेना र अर्धसैनिक द्रुत समर्थन बलबीचको शक्ति सङ्घर्ष व्यापक युद्धमा परिणत भएको छ। यही द्वन्द्वकै क्रममा नागरिक पूर्वाधार, विशेषगरी स्वास्थ्य संस्थाहरू बारम्बार निशानामा पर्दै आएका छन् ।अस्पतालमा भएको यस पछिल्लो आक्रमणका विषयमा दुवै पक्षले एकअर्कामाथि आरोप-प्रत्यारोप गरेका छन्। द्रुत समर्थन बलले उक्त आक्रमण सेनाबाट भएको दाबी गरेको छ भने सेनाले अस्पतालमा आक्रमण गरिएको अस्वीकार गरेको छ। यद्यपि, दुई जना सैन्य अधिकारीहरूले भने नजिकै रहेको प्रहरी चौकीलाई लक्षित गरिएको आक्रमण भएको बताएका छन्। उनीहरूले आफ्नो नाम सार्वजनिक नगर्ने सर्तमा यसबारे जानकारी दिएका हुन्।

संयुक्त राष्ट्रसङ्घका तथ्याङ्कअनुसार हालसम्मको युद्धमा ४० हजारभन्दा बढी मानिसको मृत्यु भइसकेको छ, तर विभिन्न सहायता संस्थाहरूले वास्तविक सङ्ख्या अझ धेरै हुन सक्ने बताएका छन्। विश्व स्वास्थ्य सङ्गठनका अनुसार युद्ध सुरु भएयता स्वास्थ्य संस्थामाथि भएका आक्रमणमा मात्र दुई हजारभन्दा बढी मानिसको ज्यान गएको छ। यसै सन्दर्भमा टेड्रोस गेब्रेयससले सुडानमा भइरहेको हिंसात्मक द्वन्द्व तत्काल कम गर्न आग्रह गर्नुभएको छ। उहाँले ' अब पर्याप्त रगत बगिसकेको छ, पर्याप्त पीडा भोगिएको छ, अब द्वन्द्व कम गर्ने समय आएको छ' भन्दै अन्तर्राष्ट्रिय समुदायलाई गम्भीर ध्यान दिन आह्वान गर्नुभयो।

# पाकिस्तान : गिरफ्तारीमार्फत असहमति दबिएको आरोप



एएफपी

इस्लामाबाद । पाकिस्तानमा शान्तिपूर्ण प्रदर्शन र अभिव्यक्ति स्वतन्त्रतामाथि नियन्त्रण कडा बन्दै गएको भन्दै मानव अधिकार समूहहरूले चिन्ता व्यक्त गरेका छन् । पाकिस्तानमा अन्तर्राष्ट्रिय महिला दिवसका अवसरमा सडकमा उत्रन खोज्नेहरू समेत पक्राउ परेका घटनाले बहस चर्किएको छ।

राजधानी इस्लामाबादमा समाजशास्त्री तथा अधिकारकर्मी मावरा बारी अन्तर्राष्ट्रिय महिला दिवसको मार्चमा सहभागी हुन जानुभएको थियो, तर उहाँको दिन सडकमा नभई जेलको साँघुरो कोठामा बित्यो। उहाँले करिब १२ घण्टा अत्यन्तै असहज, दुर्गन्धयुक्त र दम घुट्ने वातावरणमा बिताउनुपरेको बताउनुभएको छ। त्यहाँ बिग्रिएको शौचालयबाट दुर्गन्ध आइरहेको, भुइँ सधैँ भिजेको र पसिनाको गन्ध मिसिएको वातावरणले बस्नै नसकिने अवस्था बनाएको थियो।

उहाँका अनुसार महिला, पुरुष र बालबालिका गरी ३० जनाभन्दा बढीलाई एकैसाथ पक्राउ गरिएको थियो। "हामी अत्यन्त खराब अवस्थाको जेलमा थियौँ, हामीमाथि कुटपिटसमेत भयो", उहाँले भन्नुभयो। एएफपीका एक पत्रकारले रिहाइका क्रममा कैदीहरूको अवस्था प्रत्यक्ष देखेका थिए, जहाँ धेरैजना मानसिक रूपमा विचलित देखिन्थे भने केहीमा शारीरिक चोटपटक र सुन्निने जस्ता दुर्व्यवहारका सङ्केत स्पष्ट थिए।


प्रहरी चौकी बाहिर एक अभिभावकले भावुक हुँदै भने, "मेरी छोरी त केवल मार्च हेर्न आएकी थिइन्, उनले कुनै गल्ती गरेकी थिइनन्।" यस्ता घटनाले शान्तिपूर्ण भेला र नागरिक स्वतन्त्रतामाथि राज्यको दृष्टिकोणबारे प्रश्न उठाएको छ ।रोचक रूपमा, प्रधानमन्त्री शाहबाज सरिफले सोही दिन सामाजिक सञ्जालमार्फत महिला सशक्तीकरणलाई सरकारको प्राथमिकतामा रहेको उल्लेख गर्दै महिलाहरूको योगदानको प्रशंसा गर्नुभएको थियो । तर व्यवहारमा भने प्रदर्शनमा उत्रिने प्रयास गर्नेहरू पक्राउ परेका छन्।

मानव अधिकार सङ्गठनहरूले पाकिस्तानमा गिरफ्तारीलाई असहमति दबाउने उपकरणका रूपमा प्रयोग गरिएको आरोप लगाउँदै आएका छन् । एम्नेस्टी इन्टरनेसनलले मनमानी हिरासत, बल प्रयोग र जमघटमाथि प्रतिबन्धमार्फत असहमतिलाई सीमित गरिएको चेतावनी दिएको छ। धेरैजसो अवस्थामा पक्राउ गरिएका व्यक्तिहरूलाई कारणसमेत स्पष्ट नबताइने गरिएको बताइएको छ ।ह्युमन राइट्स वाचले कार्यकर्ता, पत्रकार र वकिलहरूलाई लक्षित गर्दै धम्की, कानूनी उत्पीडन र जबरजस्ती बेपत्ता पार्ने घटनाहरू अभिलेख गरेको जनाएको छ । समानताको माग गर्ने समूह वा विपक्षी धारका प्रदर्शनहरू प्रायः रोकिएका वा प्रतिबन्धित भएका छन् भने सरकार समर्थित गतिविधिहरू सहज रूपमा सञ्चालन हुने गरेको आरोप छ।

डिजिटल अधिकारकर्मी उसामा खिलजीका अनुसार अहिले 'लगभग सबै कुरा राष्ट्रिय सुरक्षासँग जोडिने' अवस्था बनेको छ, जसका आधारमा कारबाही गरिन्छ। उहाँले मानव अधिकार वकिल इमान मजारीको उदाहरण दिँदै संवेदनशील मुद्दाहरू उठाउनेहरूलाई जेल सजाय भोग्न बाध्य पारिएको बताउनुभयो । मजारी र उहाँका पति हादी अली चत्ता दुवै 'राज्यविरोधी' सामाजिक सञ्जाल पोस्टका आरोपमा कारागारमा हुनुहुन्छ ।त्यस्तै, डिजिटल पत्रकार सोहराब बरकतलाई पनि राज्य संस्थामाथि आलोचना गरेको आरोपमा परीक्षणबिनै हिरासतमा राखिएको छ । क्यानाडाबाट आएका पाकिस्तानी मूलका एक अनुसन्धानार्थीसमेत सामाजिक सञ्जाल पोस्टकै कारण केही दिन बेपत्ता भएको बताइएको छ । पत्रकारहरूको सुरक्षासम्बन्धी अन्तर्राष्ट्रिय संस्थाहरूले पनि पाकिस्तानमा जोखिम बढ्दो रहेको बताएका छन् । सन् २०२४ मा मात्र कम्तीमा सात पत्रकारको हत्या भएको र अन्यले उत्पीडन तथा बेपत्ता पारिने घटनाको सामना गर्नुपरेको उल्लेख गरिएको छ। नयाँ मिडिया कानूनहरूलाई पनि अभिव्यक्ति स्वतन्त्रतामाथि अङ्कुश लगाउने भन्दै आलोचना भइरहेको छ ।महिला दिवसकै क्रममा पक्राउ परेकी पत्रकार सेहरिस कुरेसीले आफू अन्य पत्रकारहरूको अवस्थाबारे बुझ्न मात्र प्रहरी कार्यालय पुगेको बताउनुभयो। "मलाई भित्र जान दिइयो, तर पछि बिना कारण हिरासतमा लिइयो", उहाँले भन्नुभयो ।पाकिस्तान मानव अधिकार आयोगका महासचिव ह्यारिस खालिकले यस्ता कानूनी प्रबन्धलाई 'कठोर' भएको टिप्पणी गर्नुभयो। यसले स्वतन्त्र अभिव्यक्ति र मिडियाको भूमिकालाई कमजोर बनाउने खतरा औँल्याइएको छ।

रिहाइपछि केही दिनमै बारीले साथीहरूसँग अनुभव सुनाउँदै भन्नुभयो, "सुरुमा अत्यन्त डरलाग्दो थियो, हामीलाई किन पक्राउ गरियो भन्ने नै थाहा थिएन ।" पछि प्रहरीले चार जनाभन्दा बढी भेला हुन नपाइने कानून उल्लङ्घन भएको जनाएको थियो ।यद्यपि, केही दिनपछि हजारौँ सिया मुस्लिमहरू अल-कुद्स दिवसका अवसरमा इस्लामाबादमा भेला भएका थिए। यसले प्रतिबन्धहरूको असमान कार्यान्वयनबारे थप प्रश्न उठाएको छ ।यस्ता जोखिमका बाबजुद अधिकारकर्मीहरू पछि हट्न तयार छैनन्। प्रदर्शनका क्रममा पक्राउ परेका र कुटपिट भोगेका एक सहभागीले भने, "यसले मलाई रोक्ने छैन।"

# ३० हजार किमि उड्ने चराको सङ्कट



एएफपी

रियो डी जेनेरियो । पृथ्वीको एक छेउबाट अर्को छेउसम्म हरेक वर्ष करिब ३० हजार किलोमिटर उडान भर्ने अद्भुत शोरबर्ड प्रजाति हड्सनियन गोडविट अहिले अस्तित्वकै सङ्कटमा पुगेको छ । जलवायु परिवर्तनदेखि मानव गतिविधिसम्मका कारण यसको सङ्ख्या चार दशकमा ९५ प्रतिशतले घटेको तथ्यले विश्व संरक्षण प्रयासमाथि गम्भीर प्रश्न खडा गरेको छ।

आर्कटिकबाट दक्षिण अमेरिकाको पुछार प्याटागोनियासम्मको कठिन यात्रा गर्दै फेरि फर्किने यो चरालाई विश्वकै असाधारण यात्रु प्रजातिमध्ये एक मानिन्छ । तर बदलिँदो वातावरणीय अवस्थाले यसको बाँच्ने आधार नै कमजोर बन्दै गएको वैज्ञानिकहरू बताउँछन् ।ब्राजिलमा सोमबारदेखि सुरु हुने आप्रवासी प्रजातिको संरक्षणसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय महासन्धि (सिएमएस) को बैठकमा हड्सनियन गोडविटलाई अन्तर्राष्ट्रिय संरक्षण आवश्यक पर्ने ४२ प्रजातिको सूचीमा राखिएको छ। यस सूचीमा ह्यारी पोटरमा देखाइने हिउँ पर्ने उल्लू, धारीदार हाइना र ह्यामरहेड शार्कजस्ता अन्य जोखिममा रहेका जीवहरू पनि समावेश छन्।

म्यासाचुसेट्स एम्हर्स्ट विश्वविद्यालयका पारिस्थितिकीविद् नाथन सेनरका अनुसार प्रवासी चराहरूले 'छिटो र नाटकीय गिरावट' को सामना गरिरहेका छन् । उहाँले विगत २० वर्षदेखि यस प्रजातिको अध्ययन गर्दै आउनुभएको छ। उहाँका अनुसार गोडविटले एकै पटकमा ११ हजार किलोमिटरसम्म बिना रोकटोक उड्न सक्छ, जहाँ उसले खान, पिउन वा आराम गर्नसमेत पाउँदैन।

तर यस्तो 'महाकाव्य उडान' सफल बनाउन यात्राको हरेक चरणमा पर्याप्त र भरपर्दो खाद्य स्रोत आवश्यक पर्छ। अहिले यही पूर्वानुमानयोग्यता बिग्रँदै गएको छ । आर्कटिक क्षेत्रमा वसन्तको समय परिवर्तन हुँदा बच्चा हुर्किने समय र कीराहरूको उपलब्धताबीच असन्तुलन देखिएको छ, जसले चराको जीवनचक्रमा असर पारेको छ। अझै किन गोडविटहरू अघिल्ला वर्षको तुलनामा ढिलो बसाइँ सर्ने थालेका छन् भन्ने रहस्य पनि वैज्ञानिकहरूका लागि चुनौती बनेको छ । सेनरका अनुसार या त उनीहरूले प्रयोग गर्ने प्राकृतिक सङ्केतमा परिवर्तन आएको छ, वा उनीहरूको तयारी प्रक्रियामा समस्या देखिएको छ।

दक्षिणी चिलीमा सालमन र ओइस्टर खेती विस्तार हुँदा तटीय क्षेत्रहरूमा मानव गतिविधि बढेको छ, जसले चराले खाने स्थानहरूमा असर पारेको छ । उता अमेरिकामा खेती प्रणाली परिवर्तन हुँदा सिमसार क्षेत्र घट्दै गएका छन्, जसले गोडविटलाई आराम र आहारका लागि उपयुक्त स्थान खोज्न कठिन बनाएको छ।

विशेषज्ञहरूका अनुसार यो समस्या केवल एक प्रजातिमा सीमित नभई धेरै प्रवासी प्रजातिहरूको साझा सङ्कटको प्रतिनिधि हो । ब्राजिलको वातावरणीय निकाय इबामाका प्रमुख रोड्रिगो अगोस्टिन्होले जलवायु परिवर्तनले 'प्राकृतिक समयचक्रमा निर्भर प्रजातिहरूलाई गम्भीर असर' पारिरहेको बताउनुभयो। सिएमएस बैठकमा सहभागी देशहरूलाई जोखिममा रहेका प्रजातिहरूको संरक्षण, बासस्थान जोगाउने, आप्रवासनमा अवरोध हटाउने र अन्तरदेशीय सहकार्य बढाउने कानूनी दायित्व हुन्छ । तर हालैको प्रतिवेदनअनुसार सूचीबद्ध प्रजातिमध्ये ४९ प्रतिशतको सङ्ख्या अझै घटिरहेको छ।

# 'व्यापार विस्तार' मा चीनको जोड



एएफपी

बेइजिङ । विश्वव्यापी व्यापारमा बढ्दो तनाव र संरक्षणवादी नीतिहरूबीच चीनले आफूलाई खुला अर्थतन्त्रको पक्षधरका रूपमा प्रस्तुत गर्दै अन्तर्राष्ट्रिय 'व्यापार पाइ' विस्तारमा सक्रिय भूमिका खेल्ने प्रतिबद्धता व्यक्त गरेको छ । चिनियाँ प्रधानमन्त्री ली किआङले आइतबार बेइजिङमा आयोजित एक उच्चस्तरीय मञ्चमा यस्तो धारणा राख्नुभएको हो।


चीनको दोस्रो वरीयताका नेतासमेत रहेका उहाँले देशले उच्चस्तरीय खुलापनलाई निरन्तर अगाडि बढाउने, गुणस्तरीय विदेशी वस्तुहरूको आयात विस्तार गर्ने तथा सन्तुलित र समन्वित व्यापार वृद्धिका लागि अन्य देशहरूसँग सहकार्य गर्ने बताउनुभयो । उहाँले विश्व अर्थतन्त्रलाई समग्र रूपमा ठूलो बनाउने दिशामा चीन तयार रहेको पनि स्पष्ट पार्नुभयो ।ली किआङले वार्षिक चाइना डेभलपमेन्ट फोरमको उद्घाटन सत्रमा बोल्दै बढ्दो एकपक्षीयता र संरक्षणवादप्रति असन्तुष्टि व्यक्त गर्नुभयो। उहाँका अनुसार यस्ता प्रवृत्तिहरूले विश्व व्यापारका चुनौतीहरू समाधान गर्ने प्रभावकारी माध्यम प्रदान गर्न सक्दैनन् र बरु जटिलता थप्छन्।

उक्त मञ्चमा एप्पलका प्रमुख कार्यकारी अधिकृत टिम कुकसहित विश्वका प्रमुख बहुराष्ट्रिय कम्पनीका उच्च अधिकारीहरूको सहभागिता रहेको थियो । यसले चीनसँगको आर्थिक सहकार्यप्रति अन्तर्राष्ट्रिय चासो कायमै रहेको सङ्केत गर्दछ ।चीनका प्रमुख व्यापारिक साझेदारहरूले पछिल्लो समय बेइजिङमाथि व्यापार अधिशेष घटाउन दबाब दिइरहेका छन्। यद्यपि, यस वर्षको पहिलो दुई महिनामा चीनको व्यापार झन्डै पाँचौं भागले वृद्धि भएको आधिकारिक तथ्याङ्कले देखाएको छ, जसले पूर्वानुमानलाई समेत उछिनेको छ।

कोभिड-१९महामारीपछिकमजोर बनेको आन्तरिक अर्थतन्त्रलाई पुनः सन्तुलनमा ल्याउने प्रयासमा रहेको चीनले विशेषगरी घरेलु उपभोग वृद्धि गर्न ध्यान केन्द्रित गरेको छ। यद्यपि, उपभोक्ता गतिविधिमा सुस्तता कायम रहेकाले निर्यात वृद्धिले अर्थतन्त्रलाई केही राहत दिएको छ ।यसैबीच, अमेरिकासँगको व्यापारिक तनाव अझै कायम छ । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले चीनसहितका देशहरूमा कर लगाउने नीति अघि बढाएपछि गत वर्ष दुई देशबीच व्यापार युद्ध चर्किएको थियो, जसको प्रभाव अझै विश्व अर्थतन्त्रमा देखिन्छ।

मध्यपूर्वमा इरानमाथि अमेरिका र इजरायलको आक्रमणपछि उत्पन्न द्वन्द्वले पनि विश्व व्यापार र ऊर्जा सुरक्षामा असर पारिरहेको छ। विशेषगरी तेल आपूर्तिमा निर्भर चीनका लागि यो अवस्था थप संवेदनशील बनेको छ।ली किआङले अन्तर्राष्ट्रिय नियममा आधारित व्यापार प्रणाली अहिले शक्तिको राजनीति र अस्थिरताबाट प्रभावित भइरहेको उल्लेख गर्दै यसलाई सुदृढ बनाउन सामूहिक प्रयास आवश्यक रहेको बताउनुभयो।

# नेपालगन्ज भन्सारः लक्ष्यअनुसार राजस्व सङ्कलन हुनसकेन




राँझा । नेपालगन्ज भन्सार कार्यालयले चालु आर्थिक वर्षको आठ महिनामा लक्ष्यको करिब ५२ प्रतिशत राजस्व सङ्कलन गरेको छ ।चालु आव २०८२/८३ का लागि वार्षिक लक्ष्य रु २४ अर्ब ५४ करोड ५७ लाख ८२ हजार निर्धारण भएकामा फागुन मसान्तसम्म आठ महिनामा मात्र रु १२ अर्ब ७५ करोड ४३ लाख ८० हजार अर्थात् लक्ष्यको ५१.९७ प्रतिशत असुली भएको नेपालगन्ज भन्सार कार्यालयका प्रमुख जनार्दन पौडेलले जानकारी दिनुभयो ।

उहाँका अनुसार लक्ष्य पूरा गर्न बाँकी रहेका चार महिनामा ४८ प्रतिशत राजस्व सङ्कलन गर्नुपर्ने चुनौती छ । भन्सार कार्यालयको मासिक लक्ष्यअनुसार हालसम्म कुनै पनि महिनामा राजस्व सङ्कलन हुनसकेको छैन ।चालु आवको साउन, भदौ, असोज, कात्तिक, मङ्सिर, पुस र माघमा क्रमशः लक्ष्यको ७४, ६९, ८७, ७२, ८३, ८३ र ८८ प्रतिशतमात्र राजस्व असुली भएको छ । गत आव २०८१/८२ मा नेपालगन्ज भन्सारले लक्ष्यको ७४.६४ प्रतिशत राजस्व सङ्कलन गरेको थियो भने त्यसको अघिल्लो आव २०८०/८१ मा ६३.३५ प्रतिशत राजस्व सङ्कलन गरेको थियो ।

नेपाल-भारत सीमाको जमुनाहनाकामा एकीकृत जाँच चौकी सञ्चालनमा आएपछि आयात निर्यात वृद्धि भई भन्सार राजस्व वृद्धि हुने अपेक्षा गरिए पनि केही वर्षयता लक्ष्य पूरा हुन नसकेको नेपालगन्ज भन्सार कार्यालयका प्रमुख पौडेलको भनाइ छ । नेपालगन्ज भन्सारमा चालु आवको साउनमा रु एक अर्ब ८६ करोड ६५ लाख ४६ हजार लक्ष्य रहेकामा ७४.१४ प्रतिशत रु एक अर्ब ३८ करोड ३७ लाख ८४ हजार, भदौमा रु एक अर्ब ९३ लाख ६४ हजार ५४ लक्ष्य रहेकामा ६९.७७ प्रतिशत रु एक अर्ब ३५ करोड १० लाख नौ हजार राजस्व सङ्कलन भएको छ ।

त्यसैगरी, असोजमा रु एक अर्ब ९८ करोड ३१ लाख ३० लक्ष्य रहेकामा ८७.८३ प्रतिशत रु एक अर्ब ७४ करोड १६ लाख पाँच हजार, कात्तिकमा रु दुई अर्ब १२ करोड ६१ लाख ३० हजार लक्ष्य रहेकामा ७२.३० प्रतिशत रु एक अर्ब ५३ करोड ७० लाख ८२ हजार, मङ्सिरमा रु एक अर्ब ९६ करोड ३६ लाख १४ हजार लक्ष्य रहेकामा ८३.४५ प्रतिशत रु एक अर्ब ६३ करोड ८५ लाख १० हजार, पुसमा रु दुई अर्ब तीन करोड ४५ लाख २१ हजार लक्ष्य रहेकामा रु एक अर्ब ६९ करोड ४४ लाख १३ हजार, माघमा रु एक अर्ब करोड ६९ लाख ४० हजार लक्ष्य रहेकामा ८८.२४ प्रतिशत रु एक अर्ब ७० करोड एक लाख ८२ हजार र फागुनमा रु एक अर्ब ९३ करोड ३८ लाख १९ हजार लक्ष्य रहेकामा ८८.३२ प्रतिशत रु एक अर्ब ९३ करोड ३८ लाख १९ हजार सङ्कलन भएको छ ।

नेपालगन्ज भन्सार कार्यालयको तथ्याङ्कअनुसार अघिल्लो आल २०८१/८२ को साउनमा लक्ष्यको ७३.६७ प्रतिशत, भदौमा लक्ष्यको ६६.६२ प्रतिशत, असोजमा ६६.९१ प्रतिशत, कात्तिकमा ७६.४४ प्रतिशत, मङ्सिरमा ७६.२७, पुसमा ७१.१५ प्रतिशत, माघमा ७५.१३ प्रतिशत र फागुनमा ७३.६८ प्रतिशत राजस्व सङ्कलन भएको थियो ।रासस

# घर घरमै चिकित्सा सेवा पुर्याउँदै डा चेवन

झापा । उपचारका लागि बारम्बार धाइरहनुपर्ने अवस्थाका बिरामीलाई अस्पतालको सेवा घरमै पुर्याउने सोचबाट स्थापना भएको 'जीवन रक्षा होम केयर' झापामा लोकप्रिय बनेको छ ।

पूर्णटुङ्ग बिर्तासिटी हस्पिटलको सघन उपचारकक्षमा कार्यरत २७ वर्षीय डा चेवनराज कार्कीले डेढ वर्षअघि बिर्तामोडमा आफ्ना केही साथीसँग मिलेर सरकारी निकायमा संस्था दर्ता गरी होम केयर सेवा सुरु गर्नुभएको थियो । हाल झापाभर उपलब्ध यो सेवा कोशी प्रदेशका विभिन्न जिल्लामा विस्तारका क्रममा रहेको जनाइएको छ ।अस्पताल जान नसक्ने र अस्पतालबाट डिस्चार्ज भएका बिरामीका लागि 'जीवन रक्षा होम केयर'ले 'पेन म्यानेजमेन्ट'देखि शल्यक्रियापछिको ड्रेसिङ, फिजियोथेरापी र स्लाइन चढाउनेसम्मका उपचार सेवा घरमै उपलब्ध गराउँदै आएको संस्थाका संस्थापक एवं कार्यकारी प्रमुख डा चेवनराज कार्कीले बताउनुभयो ।

घरै बसेर स्वास्थ्यलाभ गरिरहेका क्यान्सरका बिरामीका लागि होम केयरले प्रदान गर्ने उपचार सेवा वरदान सावित हुने गरेको छ । जुनसुकै समयमा खबर आउनासाथ होम केयरको चिकित्सा टोली आवश्यक उपकरण र औषधिसहित बिरामीको घरमै पुग्ने गरेको उहाँले बताउनुभयो ।होम केयरको चिकित्सा टोलीमा अनुभवी चिकित्सकसहित १५ जनाभन्दा बढी नर्स, हेल्थ असिस्टेन्ट र कर्मचारी प्रत्यक्ष रूपमा जोडिएका छन् । जिल्लाको विभिन्न सहरका स्थानीय अनुभवी नर्स र हेल्थ असिस्टेन्टहरू होम केयरको नेटवर्कमा जोडिएको हुँदा जुनसुकै बेला र अवस्थामा जहाँ पनि उपचार पुर्याउन सहज भएको उहाँले जानकारी दिनुभयो ।


टोलीले एम्बुलेन्स, अल्ट्रासाउन्ड, इसिजी, ड्रेसिङलगायतका सेवा घरमै उपकरण पुर्याएर दिने गरेको छ भने रगत, पिसाब, दिसालगायत जाँच 'सेम्पल' लिएर प्रयोगशालामा जाँच गरी घरमै रिपोर्ट उपलब्ध गराउँदै आएको छ । "यो एकप्रकारको घरमै अस्पताल पुर्याउने प्रयास हो", डा कार्की भन्नुहुन्छ, "शल्यक्रियापछि लामो समय अस्पताल बसेर घर फर्किएका बिरामीलाई सानो विषयमा पनि पटकपटक अस्पताल धाइरहनुपर्ने झन्झट नहोस् भनेर हामीले घरमै अस्पतालको सेवा पुर्याएका हौँ ।"

रोजगरीका क्रममा छोराछोरी टाढा रहेको परिवारका वृद्धावस्थाका बुबाआमा बिरामी पर्दा एम्बुलेन्स खोजेर अस्पताल पुर्याउने र कुरुवा बस्ने आफन्त तत्काल पाउन पनि कठिनाइ पर्न सक्छ । यस्तो अवस्थामा होम केयरको सेवा झनै प्रभावकारी हुने गोमेन्द्र महाविद्यालयका अध्यापक आशीष शर्मा बताउनुहुन्छ ।

"विदेशतिर होम केयर सेवा प्रचलित नै हुन्छ, तर हाम्रो ठाउँमा नयाँ हो", उहाँ भन्नुहुन्छ, "हाम्रो परिवारले पनि जीवन रक्षा होम केयरको सेवा लिएको छ । डा कार्कीको टिमको सेवाभाव प्रशंसनीय लाग्यो ।"होम केयरको चिकित्सा टोलीले भेन्टिलेटरसहितको एम्बुलेन्समा जटिल बिरामीलाई काठमाडौँ, विराटनगर, धरान र सिलीगुढीका सुविधासम्पन्न अस्पतालमा सुरक्षित पुर्याउने सेवासमेत प्रदान गर्दै आएको छ भने जिल्लाकै कुनै पनि अस्पतालमा भर्ना भएका बिरामीको हेरचाह गरिदिने कुरुवा सेवा दिँदै आएको छ ।

होम केयर सेवालाई व्यापार गर्ने थलो नबनाउने र सामाजिक सेवाको माध्यम बनाउने संस्थापक डा कार्कीको भनाइ छ । घरमै सेवा पुर्याएबापत होम केयरले लिने सेवा शुल्क महँगो छैन । सामान्य ड्रेसिङका लागि रु ३०० देखि ३५० र डाक्टर भिजिटको न्यूनतम शुल्क लिएर होम केयरले अहोरात्र जुनसुकै देहाती बस्तीमा स्वास्थ्य सेवालाई सर्वसुलभ पुर्याइरहेको छ । वृद्धाश्रमहरूमा 'बेसलाइन रेट'मा स्वास्थ्य सेवा पुर्याउने लक्ष्य राखेर विर्तामोडका विभिन्न वृद्धाश्रमहरूमा होम केयरले प्रस्ताव पठाएको जनाएको छ ।

बिर्तामोडबाटसुरुभएको'जीवनरक्षाहोम केयर'कोसेवालाईविराटनगरमापुर्याइसकेको रधरानमाचाँडैपुर्याउनेलक्ष्यरहेकोडाकार्कीले सुनाउनुभयो। होम केयर सेवा दिने कोशी प्रदेशकै पहिलो संस्था 'जीवन रक्षा होम केयर'ले विभिन्न स्थानमा निःशुल्क स्वास्थ्य शिविर सञ्चालन गरेर सेवा पुर्याइरहेको छ। स्वास्थ्यसम्बन्धी जनचेतना जगाउने विभिन्न कार्यक्रमसमेत यसले गर्दै आएको छ।



पूर्वाञ्चल युनिभिर्सिटीमा एमबीए अध्ययनरत डा कार्की व्यवस्थापकीय रूपमा पनि स्वास्थ्य क्षेत्रलाई नयाँ प्रविधिमार्फत सुधार्ने प्रयास गरिरहेको बताउनुहुन्छ । मोबाइल एपमार्फत 'टेलिमेडिसिन' सेवा दिने र कारागार तथा सुधारगृहमा पुगेर स्वास्थ्य सेवा प्रदान गर्ने संस्थाको उद्देश्य रहेको उहाँले बताउनुभयो ।

'जीवन रक्षा होम केयर'को स्थापना गरेर स्वास्थ्य क्षेत्रमा उत्कृष्ट र नयाँ सेवा प्रदान गरेको कारण डा कार्कीले हालै वर्ष उत्कृष्ट व्यक्तिका रूपमा 'पौरखी जेनजी सम्मान' प्राप्त गर्नुभएको छ । उहाँ भन्नुहुन्छ, "अहिलेसम्मका काममा सबैको हौसला प्राप्त भइरहेको छ । भविष्यमा हामी अझ धेरै राम्रा योजनाका साथ समाजको सेवा आउनेछौँ ।"रासस

# नेपाल लाइफद्वारा २०८३ सालको क्यालेन्डर सार्वजनिक



**टुडे समाचारदाता**

काठमाण्डु । नेपालको सर्वाधिक विश्वासिलो जीवन बीमा कम्पनी नेपाल लाइफ इन्स्योरेन्सले वि.सं.२०८३ सालको क्यालेन्डरसार्वजनिक गरेको छ । आइतबार कम्पनीको प्रधान कार्यालय कमलादीमा आयोजित एक विशेष समारोहका बीच क्यालेन्डर सार्वजनिक गरिएको हो । कम्पनीका प्रमुख कार्यकारी अधिकृत प्रवीण रमण पराजुली, नायव प्रमुख कार्यकारी अधिकृत अमित कुमार कयाल, नेसनल सेल्स हेड उमापति पोखरेल,प्रमुख–बिजनेस अपरेसन ओम प्रकाश पुडासैनी, प्रमुख वित्त अधिकृत प्रेम प्रसाद रेग्मी र कम्पनी सचिव बिनोद कुमार भुजेलले संयुक्त रुपमा क्यालेन्डर अनावरण गर्नु भएको हो । बिदाको सूची, पर्व, दिवस, पञ्चांग तिथि, तारिख समावेश गरि क्यालेन्डर सार्वजनिक गरिएको हो ।

यस अवसरमा कम्पनीका प्रमुख कार्यकारी अधिकृत प्रवीण रमण पराजुलीले सहयोग गर्नुहुने सम्पूर्ण संचालक पदाधिकारीहरु,आरोह अवरोहमा सदैव साथ दिने कर्मचारीहरु, सम्पूर्णग्राहक महानुभावहरु, कम्पनीको मेरुदण्डका रूपमा रहनुभएका बीमा अभिकर्ताहरु, माया, स्नेह प्रदान गर्नुहुने शेयरधनी महानुभावहरु, नेपाल बीमा प्राधिकरण,अन्य नियामक निकायहरुका साथसाथैनेपालकै सर्वाधिक विस्वासिलो जीवन बीमा कम्पनीको रूपमा स्थापित गर्न अतुलनिय भूमिका खेल्नुहुने सबै सरोकारवालाहरुलाई नयाँ वर्ष २०८३ को अग्रीमशुभकामना समेत व्यक्त गर्नुभएको छ ।आगामी दिनहरुमा कम्पनीलाई थप सशक्त बनाउनका निम्ति नविनतम प्रविधिको अधिकतम प्रयोग गर्दै ग्राहकहरुको सेवाको गुणस्तरियतालाई थप प्रभावकारी बनाउन कम्पनीले समय सुहाँउदो योजना ल्याउने बताउनु भयो । यसकासाथै सम्पूर्ण सरोकारवालाहरुको अपेक्षालाई पूरा गर्न कम्पनी दत्त चित्त भएर लागि पर्ने कुरा व्यक्त गर्नुभयो ।

# सुन तोलामा बाह्र हजार पाँच सयले घट्यो

काठमाण्डु । स्थानीय बजारमा आइतबार पनि सुनचाँदीको मूल्य घटेको छ । सुन तोलामा रु सात हजार १२ हजार ५०० र चाँदी रु ३५५ ले घटेको हो । नेपाल सुनचाँदी व्यवसायी महासङ्घका अनुसार आइतबार छापावाल सुनको मोल प्रतितोला रु दुई लाख ८२ हजार र त्यति नै परिमाणको सेतो धातुको मूल्य रु चार हजार ५४० कायम भएको छ ।

गत शुक्रबार एक तोला छापावाल सुन रु दुई लाख ९४ हजार ५०० र त्यति नै परिमाणको चाँदी रु चार हजार ८९५ कायम भएको थियो । अघिल्लो दिन प्रतितोला सुन रु तीन लाख दुई हजार ३०० र प्रतितोला चाँदी रु पाँच हजार १० मा कारोबार भएको थियो ।

अन्तरराष्ट्रिय सञ्चारमाध्यमहरूका अनुसार आइतबार अन्तरराष्ट्रिय बजारमा एक औँस सुन चार हजार ५०० र त्यति नै परिमाणको चाँदी ६८ अमेरिकी डलरमा कारोबार भइरहेको छ ।रासस


## भाखा नाघेको कर्जा बुझाउने बारे कृषि बिकास बैंक लि.शाखा कार्यालय लाहान,(सिराहा)

मिति २०८२/१२/०५ गते विहिवारका दिन यस बैंकको तपसीलका कार्यालयबाट तपशिल बमोजिमका ब्यक्ति/फर्म/कम्पनीह्रुले निम्न उदेश्यका लागि विभिन्न मितिमा कर्जा लिई हालसम्म कर्जा नबुझाई भाखा नाघि निम्न लेखिए बमोजिम अनुसारको रकम बुझाउने सम्बन्धमा सम्बन्धित कार्यालयले बारम्वार ताकेता गर्दा पनि आलटाल गरी बुझाउनु पर्ने कर्जाको सांवा,ब्याज तथा बैंकले पाउनु पर्ने अन्य रकम समेत नबुझाएको हुंदा यो सूचना प्रकाशित भएको मितिले २१ दिन भित्र सम्बन्धित कार्यालयमा बुझाउनका लागि यो सूचना प्रकाशन गरिएको छ। उल्लेखित मिति भित्र पनि रकम दाखिला हुन नआएमा बैंक तथा बित्तिय संस्था सम्बन्धी ऐन २०७३ कृषि बिकास बैंक लि.को कर्जा असुली कार्यविधि तथा प्रचलित ऐन नियम बमोजिम कर्जा लिदां लेखिदिएको धित्तो लिलाम बिक्रि वा अन्य ब्यवस्था गरी बैंकको सम्पुर्ण लेना रकम असुल उपर गरिने ब्यहोरा समेत जानकारी गराउदछौं।

| क्र.स. | Customer ID | ग्राहकको नाम | ठेगाना | मिसिल नं. | प्रोपाइटर | बुवाको नाम | हजुर बुवाको नाम | कर्जाको शिर्षक | सावा रकम | २०८२/११/३० गते सम्मको ब्याज तथा अन्य रकम | जम्मा तिर्नु पर्ने रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | ३०६२९७१ | राम कुमार दास | लाहन न. पा. १५ | १३५६४ | | बिन्दी ताती | बहादुर दास | सरल कृषि कर्जा | २०००००० | १५२८५१ | २१५२८५१ |
| २ | १८०३२९४ | आयुस यादव जेनेरल स्टोर | लक्ष्मीपुर पतारी ०२ | १३२२९ | इन्द्र प्रसाद यादव | जहविर यादव | रसलाल यादव | व्यवसायिक कर्जा | ८३५३०७ | ३२२१९ | ८६७५२६ |
| ३ | ३०५५७२६ | मागेन महत्तो | धनगढिमाइ न. पा. १ | ११५९३ | | जहुरी महत्तो | बानसी महत्तो | व्यक्तिगत ओडी | २३७९६५७ | २६१,९९१ | २,६४१,६४८ |
| ४ | ३०६४५२७ | सेन कुमारी राय | बरियारपट्टी गा.पा २ | १३६४६ | | जगुत लाल राय | चतुरी राय | सरल कृषि कर्जा | १३९६०६५ | ११९१०९ | १५१५१७४ |
| ५ | ३०५९७०१ | बृज कुमार यादब | नवराजपुर गा.पा ५ | १३६८१ | | बैए लाल यादव | सुनर यादव | सरल कृषि कर्जा | १७१०००० | १६२७२१ | १८७२७२१ |
| ६ | ३०५४६७८ | बद्री नारायण यादब | बरियारपट्टी गा.पा १ | १३३८५ | | समर प्रसाद यादव | अजब यादव | सरल कृषि कर्जा | १७२२३४३ | ९२१११ | १८१४४५४ |
| ७ | ५२८८५२ | सुमती देवि थारुनी | कल्यानपुर ०९, सप्तरी | ११५०५ | | राम नन्दन चौधरी | काशीलाल चौधरी | व्यक्तिगत ओडी | १२७०००० | ५४०८१ | १,३२४,०८१ |
| ८ | ३०५१९८९ | उज्जवल एकिकृत पशु फर्म | साखुवाननकारकट्टी ०५ | १३३८० | पूजा कुमारी चौधरी | ब्रह्मादेव चौधरी | लखन चौधरी | पशुपालन कर्जा | ४७६१३५२ | ६३९,६२३ | ५,४००,९७५ |
| ९ | ३०६३४८० | बिनित ट्रेड्स | नैनपुर ११, धनगढीमाई न.पा | १३५८१ | बिनित कुमार शाह | देवन शाह तेली | जनक शाह | व्यपार तथा जमानत कर्जा | ८२४८५०० | १५५६६३९ | ९८०५१३९ |
| १० | ३०६२०४९ | रन्जु मुखिया | लाहन न.पा. वडा ०४ | १३५३३ | | परमेश्वर मुखिया | बिन्देश्वर मुखिया | व्यक्तिगत ओडी | ३०००००० | ७९१४६२ | ३७९१४६२ |
| ११ | १७३१०९३ | निरन्जन जेनेरल स्टोर | गोलबजार ०६, लालपुर सिराहा | १३११५ | रेखा कुमारी शाह | मुधि शाह | राज कुमार शाह | व्यवसायिक कर्जा | २२००००० | १६०३९२ | २३६०३९२ |
| १२ | ७३५६२६ | छिमेकी माछा फर्म | इटरवा ०४, सिराहा | १३१८८ | अमित कुमार यादव | महेन्द्र प्रसाद यादव | नेवालाल यादव | माछा पालन कर्जा | ४३८२५४४ | ३१५,११४ | ४,६९७,६५८ |
| १३ | ५३९३२२९ | सितल कृषि फर्म | धनगढिमाई ०६ | १३७०४ | राज कुमार महतो | कमेश्वर महतो | मुल्ली महतो | सरल कृषि कर्जा | १२१०१९० | ६०९६४ | १२७११५४ |
| १४ | ५२९११२ | सत्य नारायण महतो | लाहन ०२, सिराहा | ११६४४ | | भागबन्दत महतो | हिया महतो | सरल कृषि कर्जा | २३८६९१५ | १२९,७९२ | २,५१६,७०७ |
| १५ | ५२८५२३ | शिब शक्ती छापा खाना | लाहन ०१, सिराहा | १०६९७ | मुरली प्रसाद चौधरी | बिलात चौधरी | सतावन चौधरी | व्यवसायिक कर्जा | १७००००० | ५६८४३ | १७५६८४३ |
| १६ | ५३२६७७ | बि बि ग्रुप एण्ड सप्लायर्स | लाहन ०८, सिराहा | १२५७० | बसन्त कुमारी चौधरी | छेडी लाल चौधरी | | व्यवसायिक कर्जा | ३५००००० | २४३१८३ | ३७४३१८३ |
| १७ | ३०४२९५८ | प्रशान्त पशुपालन फर्म | काशाहा ७,धनगढिमाई न.पा | १३३३० | गुलजार देवि यादव | हुसानी यादव | रामु यादव | पशुपालन कर्जा | ९८९३२० | ४८४२३ | १०३७७४३ |
| १८ | ५२९६३३ | शाह किराना पसल | लाहन ३ रघुनाथपुर | ११९०५ | फुलेशरी देवि शाह | किसान शाह | हजारी शाह | व्यवसायिक कर्जा | २५००००० | ८७९६७ | २५८७९६७ |
| १९ | ३०६४५९८ | नेपरी महतो कोइरी | लाहन १६ , सिराहा | १३६३३ | | खटर महतो | सुकान महतो | सरल कृषि कर्जा | १३७३०२४ | ६१४३५ | १४३४४५९ |
| २० | ८६१६३१ | बेचन शाहू | बरियारपट्टी गा.पा २ | १३६९४ | | जिरै साहू | सोनाइ साहू | सरल कृषि कर्जा | ४१०१५९८ | १३२,२४१ | ४,२३३,८३९ |
| २१ | ३०६२४३२ | आशा कृषी फर्म | शान्तनगर ४,धनगढीमाइ न.पा | १३५५७ | आशा चौधरी | तनुलाल चौधरी | जयलाल चौधरी | सरल कृषि कर्जा | २६७०७२२ | ४७,८७१ | २,७१८,५९३ |
| २२ | ३०६१३६४ | राम कुमारी महतो | धनगढिमाई ०४ | १३४९७ | | सहदेव महतो कोइरी | खटर महतो | सरल कृषि कर्जा | १९९१४८२ | ३१५५२९ | २३०७०११ |
| २३ | ३०६२६७२ | राम एकबाल यादव | नवराजपुर ०५ | १३५५२ | | राज लाल यादव | चमक लाल यादव | सरल कृषि कर्जा | ८३०५३३ | ३०१४८ | ८६०६८१ |
| २४ | १९९४१४४ | ठकनी यादव | गाढा -०९ | १३२१५ | | दरापी यादव | मैजेलाल यादव | जग्गा खरिद कर्जा | ३४६६०८९ | ११८३१७ | ३५८४४०६ |
| २५ | १९५३९९६ | शत्रूधन प्रसाद चौधरी | लाहन ०१, सिराहा | १३१६६ | | सुनार चौधरी | छविलाल चौधरी | व्यक्तिगत ओडी | २५००००० | ७३४१८ | २५७३४१८ |
| २६ | ३०५५८६९ | लब जेनेरल स्टोर | बरियारपट्टी गा.पा २ | १३३९९ | सविता कुमारी राय | जनता लाल राय | जय लाल राय | व्यवसायिक कर्जा | १६६८५२२ | १४२०३ | १६८२७२५ |
| २७ | ३०६१४१८ | ओम इल्क्ट्रेोनिक्स एण्ड सप्लायर्स | नवराजपुर ०४ | ११९१६ | सुरेन्द्र कुमार यादव | गंगा प्रसाद यादव | माहाविर यादव | व्यवसायिक कर्जा | १९१४१५३ | १०२,३७७ | २,०१६,५३० |
| २८ | १५२२७३५ | नितिस नेहा ट्रेड्स | गाडा ०९ हाल लाहन २३, | १३०४७ | रिता कुमारी यादव | राज लाल यादव | फकिर यादव | व्यासाहिक कर्जा | ३९८३९३० | २९५,३०५ | ४,२७९,२३५ |
| २९ | ५३९३२८५ | बाला सुन्धरी गृल सङ्गर उद्धोग | भगवानपुर ५ | १३६८३ | राम नन्दन प्रसाद यादव | मित्रलाल यादव | सम्पत यादव | व्यवसायिक कर्जा | ३५९६७८८ | ६४४२४ | ३,६६१,२१२ |
| ३० | १९८८३४२ | असोक जेनेरल स्टोर | साखुवा ननकारकट्टी ०५ | १३२१८ | योगेन्द्र प्रसाद यादव | बिल्टू यादव | श्री रामफल यादव | व्यवसायिक कर्जा | १८५९८९० | ९२२६८ | १९५२१५८ |
| ३१ | ५२९१३९ | चौधरी होटल | लाहन ०१ | ११६५१ | गोरेलाल माझी थारू | जग्गु माझी | घनलाल माझी | सेवा कर्जा | ४४००००० | २८७५०८ | ४६८७५०८ |
| ३२ | १४६३४४० | लोटस यूनिक एकेडेमी लाहन प्रा.ली. | लाहन ०१ सिराहा | १२५९९ | भगवती प्रसाद चौधरी | हरि लाल चौधरी | कुकारू चौधरी | सेवा कर्जा | ३८५०००० | १७४४८३ | ४०२४४८३ |
| ३३ | १०४५२२१ | पूजा जेनेरल स्टोर | लाहन ३ सिराहा | १२१७० | दुर्गा प्रसाद शाह | नाथुनी शाह | मुखी शाह | व्यवसायिक कर्जा | १०३२४१७ | ६७५८१ | १०९९९९८ |
| ३४ | ३०३५४१९ | रागनी शावन पशु माछा तथा कृषि | धनगढीमाइ न.पा. जयपुर ०५ | १३३०३ | राम उदगर यादव | राम प्रसाद यादव | अवदी यादव | सरल कृषि कर्जा | १९६८५०५ | १६५९७७ | २१३४४८२ |
| ३५ | ५४१५९२३ | पर्मेश्वर शाह | लाहन ०१, सिराहा | १३८०७ | | श्री कुमार शाह | बेचु शाह | सरल कृषि कर्जा | २०००००० | २१५०६७ | २२१५०६७ |

**कृषि विकास बैंक लि.**
**मधेश प्रदेश कार्यालय, जनकपुर**

# हरि खेतान क्याम्पसमा विवाद साम्य

**टुडे समाचारदाता**

वीरगञ्ज । पर्साको वीरगगञ्जको हरि खेतान बहुमुखी क्याम्पसमा उत्पन्न विवाद साम्य भएको छ। पर्साका प्रमुख जिल्ला अधिकारी भोला दाहालले क्याम्पस प्रमुख र सञ्चालकलाई 'नालायक' व्यवस्थापन भनेपछि झन्डै नौ घण्टा पछाडि छलफलले मूर्तरूप लिएको छ।



प्रजिअ दाहालले सहमति नहुने र बजारमा आन्दोलन हुने छनक पाएपछि छलफलमा बोल्दै सञ्चालक र क्याम्पस प्रमुखलाई कडा शब्दमा आलोचना गरेका थिए।

विद्यार्थीहरुसंगको छलफलमा उनीहरूकै अगाडि क्याम्पस सञ्चालकलाई प्रजिअ दाहालले कडा शब्द बोलेपछि दुवै पक्षबीच सहमति भएको छ । तत्काल कुनै विरोधका कार्यक्रम नगर्ने गरी आन्दोलनरत विद्यार्थीहरू र क्याम्पस सञ्चालकसंग तीन बुँदे सम्झौता भएको पर्साका प्रजिअ दाहालले बताए।

स्थगित गरिएको कक्षा ११ र १२ को आन्तरिक परीक्षा तत्काल शुरु गर्ने, आन्दोलनमा घाइते भएका विद्यार्थीहरूको उपचारको व्यवस्था क्याम्पसले गराउने र विद्यार्थीहरूको वास्तविक समस्या र कलेजका अन्य मुद्दाहरूबारे मंगलबार पुनः छलफलको माध्यमले टुंग्याउने गरी तीन बुँदे लिखित सम्झौता भएको जिल्ला प्रशासन कार्यालयले जनाएको छ।

लामो छलफल पश्चात् यही तीन बुँदे सम्झौता भएपछि विवाद मत्थर भएको पर्साका प्रजिअ दाहालले जानकारी दिए।

हरि खेतान बहुमुखी क्याम्पसका विद्यार्थीहरूले आइतबार आन्तरिक परीक्षा दिने कार्यतालिका थियो। सोही कार्यतालिका बमोजिम बिहान ८ बजेदेखि 'प्लस टु' का विद्यार्थीहरू क्याम्पसमा पुगेका थिए।

परीक्षाका लागि परीक्षा केन्द्रमा प्रवेश गरिसकेका विद्यार्थीहरूलाई पछि एक्कासी सूचना निकालेर तत्कालका लागि शैक्षिक पठनपाठनसहित सबै परीक्षा स्थगित गरिएको क्याम्पस प्रशासनबाट जानकारी गराइएको थियो।

क्याम्पस प्रमुख रवीन्द्र यादवले अचानक एक सूचना जारी गर्दै तत्कालका लागि सबै परीक्षा स्थगित भएको जानकारी गराए । क्याम्पस प्रमुख यादवको सूचना आइसकेपछि विद्यार्थीहरू आक्रोशित बन्दै सुरुमा नाराबाजी तथा प्रदर्शन गर्न थालेको ठाकुर बहुमुखी क्याम्पसका स्वतन्त्र विद्यार्थी युनियनका सभापति राज यादवले बताए।

उनले विद्यार्थीहरूको प्रदर्शन चलिरहेको बेला प्रहरी क्याम्पस परिसरमा पुगेपछि विरोध झन् उग्र रूप लिएको थियो। यसरी प्रहरी र विद्यार्थीहरुसंग भएको विवादमा केही विद्यार्थीहरू घाइतेसमेत भएको जनाइएको छ।

क्याम्पस प्रमुख यादवले जनाए अनुसार तीन जना विद्यार्थीहरूलाई चोटपटक लागेको तथा क्याम्पसका गाडीमा समेत तोडफोड भएको छ।

त्यसपछि माहोल अझ उग्र बन्दै गएपछि जिल्ला प्रशासन कार्यालयले छलफलका लागि विद्यार्थी, क्याम्पस सञ्चालक र प्रमुखसहित स्ववियुका पदाधिकारीहरूलाई आफ्नो कार्यालयमा डाकेको थियो । अन्ततः उक्त छलफलले निकास निकाल्दै समस्या समाधान गरेको जिल्ला प्रशासन कार्यालयले जनाएको छ।

जिल्ला प्रशासन कार्यालयमा भएको छलफलमा क्याम्पस प्रशासन र शिक्षकहरूबीच आन्तरिक द्वन्द्व रहेको देखिएको छ । उक्त बैठकमा शिक्षकहरूले लामो समयदेखि लब नपाएको गुनासो गरेको पर्साका प्रमुख जिल्ला अधिकारी दाहालले बताए।

तलबको समस्याका कारण शिक्षकहरू नआएपछि विवाद बढेको उनको कथन छ।

यता क्याम्पस प्रमुख यादवले पनि शिक्षकहरू बिहान परीक्षा हलमा नआएपछि परीक्षा स्थगित गरेको बताए।

# फुटपाथ खाली नगर्नेलाई कारबाहीको चेतावनी

"फुटपाथ पैदल यात्रुका लागि बनाइएको हो, यसलाई अतिक्रमण गरेर व्यापार गर्नु कानुनविपरीत हो," मन्त्री महतोले भने, "नियम नमानेर पुनः अतिक्रमण गर्नेहरूलाई अब कारबाही गरिनेछ ।"

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेशको राजधानी जनकपुरधामका व्यस्त सडक किनारमा वर्षौंदेखि कब्जा गरी फुटपाथ अतिक्रमण हटाउने अभियानलाई तीव्रता दिएको छ।



गृह, सञ्चार तथा कानुनमन्त्री फकिरा महतोको अगुवाइमा जनकपुरधामस्थित रामानन्द चौकदेखि जानकी मन्दिर क्षेत्रसम्म व्यापक रूपमा फुटपाथ खाली गराइएको छ। अतिक्रमित बाटो खाली नगरिए कारबाही गर्ने चेतावनीसमेत मन्त्री महतोले दिएका छन्।

मन्त्री महतो आफैँ सुरक्षा निकाय, स्थानीय प्रशासन तथा सरोकारवाला निकायका प्रतिनिधिसंगै माइकिङ गर्दै व्यवसायीहरूलाई तत्काल फुटपाथ खाली गर्न निर्देशन दिएका छन्।

'फुटपाथ पैदल यात्रुका लागि बनाइएको हो, यसलाई अतिक्रमण गरेर व्यापार गर्नु कानुनविपरीत हो,' मन्त्री महतोले भने, 'नियम नमानेर पुनः अतिक्रमण गर्नेहरूलाई अब कारबाही गरिनेछ।'

मन्त्री महतोले राजधानी शहरलाई व्यवस्थित र सुरक्षित बनाउन यस्तो कदम अपरिहार्य भएको स्पष्ट पारे।

रामानन्द चौकदेखि जानकी मन्दिरसम्मको क्षेत्र जनकपुरधामको सबैभन्दा व्यस्त तथा धार्मिक दृष्टिले महत्वपूर्ण मानिन्छ। जानकी मन्दिर आसपास दैनिक ठूलो संख्यामा श्रद्धालु तथा पर्यटकको आवागमन हुने भएकाले फुटपाथ अतिक्रमणले पैदल यात्रुहरूलाई गम्भीर समस्या निम्त्याउँदै आएको थियो।

अभियान अन्तर्गत टोलीले सडक किनारमा अस्थायी रूपमा सञ्चालन भइरहेका पसल, ठेला तथा संरचनाहरू हटाउँदै फुटपाथ खाली गराएको छ। साथै, माइकिङमार्फत आगामी दिनमा पनि अतिक्रमण नगर्न चेतावनी दिएको छ।

मन्त्री महतोले फुटपाथ व्यवसायीहरूलाई वैकल्पिक स्थानको रूपमा रंगभूमी मैदानमा सर्न आग्रह गर्दै त्यहाँ व्यवस्थित रूपमा व्यापार सञ्चालन गर्न सकिने बताए।

उनले भने, 'हामी कसैको रोजगारी खोस्न खोजिरहेका छैनौं। तर, शहर व्यवस्थापन पनि उत्तिकै आवश्यक छ।'

स्थानीय प्रशासनका अनुसार फुटपाथ अतिक्रमणका कारण ट्राफिक व्यवस्थापनमा अवरोध सिर्जना हुनुका साथै दुर्घटनाको जोखिम समेत बढ्दै गएको थियो। यसका साथै, शहरको सौन्दर्यमा समेत नकारात्मक असर परिरहेको भन्दै अभियानलाई दीर्घकालीन रूपमा निरन्तरता दिने तयारी गरिएको छ।

उनले व्यवसायीहरूको गुनासो सुन्दै सबै पक्षसँग छलफल गरी दीर्घकालीन समाधान निकाल्ने प्रतिबद्धता जनाए। उनले भने, ' व्यवसायी, स्थानीयवासी र प्रशासनबीच सहकार्य गरेर व्यवस्थित जनकपुरधाम निर्माण गरिन्छ।'

# इन्धनको मूल्य स्थिर नहुँदासम्म 'कन्स्ट्रक्शन होलिडे' घोषणा गर्न माग

**टुडे समाचारदाता**

जनकपुरधाम । मध्यपूर्व र पश्चिम एशियामा देखिएको युद्धको परिवेशको कारण देखाउँदै निर्माण उद्योगमा अत्यधिक प्रयोग हुने डिजेल, पेट्रोल, मट्टितेल लगायतका इन्धन सामग्रीहरूमा भएको भारी मूल्यवृद्धि प्रति आफ्नो गम्भीर ध्यानाकर्षण भएको धनुषा निर्माण व्यवसायी संघले जनाएको छ। 'निर्माण कार्य हुने अहिलकै सिजनमा इन्धन सामग्रीहरूमा भएको भारी मूल्यवृद्धिले निर्माण व्यवसायीहरूलाई ठूलो आर्थिक भार पर्नुका साथै पूर्वाधार खर्च बढ्न गएको भन्दै सरकारका सार्वजनिक निकायहरूलाई नै आर्थिक बोझ थपिने निश्चित छ' संघका अध्यक्ष अशोक कुमार चौधरीले आइतबार जारी विज्ञप्तिमा उल्लेख गरेको छ।



इन्धन सामग्रीहरूमा भएको भारी मूल्यवृद्धि बाहेक हालै निर्वाचनको मौका पारेर नेपालमा सीमित आयातकर्ताहरूले कार्टेलिङ गर्दै सडक निर्माणमा प्रयोग हुने बिटुमिनको पनि कृत्रिम अभाव सिर्जना गरी निर्माण व्यवसायीहरूलाई ठूलो आर्थिक समस्यामा पारेको उनको दाबी छ। अध्यक्ष चौधरीका अनुसार सडक कालोपत्रे शुरु भएपछि बिटुमिनको अभाव हुँदा कालोपत्रे गर्न ठिक्क पारिएको सडकमा थप क्षति हुने सम्भावना प्रबल भएको र बुकिङ गर्दाको मूल्यभन्दा अहिले प्रतिलिटर ४० रुपैयाँसम्म मूल्यवृद्धि हुँदा निर्माण व्यवसायीहरू दोहोरो पीडामा परेका छन्। अझ पछिल्लो समय भारतले बिटुमिनको निर्यात बन्द गरेका कारण मुलुकको निर्माण उद्योग थप प्रताडित भएको संघको विज्ञप्तिमा उल्लेख गरिएको छ । निर्वाचनकै माहोलबीच सिमित उद्योगीहरूले फलामे डन्डी र सिमेन्टमा पनि मूल्य वृद्धि गर्दा सरकारी पूर्वाधार मात्र होइन निजी क्षेत्रको पूर्वाधारमा पनि ठूलो आर्थिक भार थपिएको अध्यक्ष चौधरीको भनाइ छ।

अहिले फलामे डन्डी प्रतिकेजी ८५ रुपैयाँबाट एक सय रुपैयाँ पुऱ्याइएको र सिमेण्टमा पनि प्रति बोरा ५० रुपैयाँ सम्म मूल्यवृद्धि भएको संघको दाबी छ।

सीमित उद्योगीहरूले मूल्यवृद्धिसँगै कार्टेलिङ गरी उत्पादनमा समेत कटौती गरेकाले भुक्तानी अभाव लगायतका कारण अत्यन्त सकसमा रहेको निर्माण उद्योग थप समस्याग्रस्त भएको विज्ञप्तिमा उल्लेख छ। 'खुल्ला अर्थतन्त्रको नीति विपरित गरिएको यस किसिमको अव्यवहारिक एवं अवैज्ञानिक मूल्यवृद्धि दण्डनीय अपराध हो' संघको विज्ञप्तिमा भनिएको छ।

सार्वजनिक खरिद ऐन र नियमावली अनुसार प्रत्येक आयोजनामा मूल्यवृद्धि भएअनुरुप मूल्य समायोजनको व्यवस्था गर्न महासंघले विज्ञप्ति मार्फत नेपाल सरकारका सम्बन्धित निकाय समक्ष जोडदार माग गरेको छ। 'मूल्यवृद्धि स्थिर नभएसम्म सम्पूर्ण आयोजनाहरूको निर्माण कार्य हाललाई स्थगित गर्न संघ बाध्य हुने व्यहोरा समेत अवगत गराउँदछौं' विज्ञप्तिमा जनाइएको छ।

एकातिर बजारमा निर्माण सामग्रीको मूल्यवृद्धि हुने र अर्कोतर्फ राष्ट्रबैंकबाट जारी हुने मूल्य सूचकाङ्क वास्तविक नहुने भएकाले मूल्य स्थिर नहुँदासम्मको लागि सरकारको तर्फबाट नै 'कन्स्ट्रक्शन होलिडे' घोषणा गर्न संघले आग्रह गरेको छ।

# सुख्खा बन्दरगाहको कोइला धुलोले प्रभावित

**टुडे समाचारदाता**

वीरगञ्ज । पर्साको वीरगञ्जस्थित सुख्खा बन्दरगाहमा कोइला ह्यान्डलिङ गर्ने तरिकामा गरिएको परिवर्तनले स्थानीय बासिन्दाहरू थप समस्यामा परेका छन्।



अहिले कोइला सीधै बन्दरगाह क्षेत्रमा अनलोड हुन थालेपछि वरपरका बस्तीमा धुलो प्रदूषण तीव्र रूपमा फैलिएको गुनासो बढ्दै गएको छ।

यस अघि रेलमार्फत आउने कोइला भारतको रक्सौल रेल्वे यार्डमा अनलोड हुने गरेको थियो। तर हाल प्रणाली परिवर्तन गरी कोइला सीधै वीरगञ्जस्थित बन्दरगाहमै झार्न थालिएको छ, जसका कारण धुलो प्रत्यक्ष रूपमा मानव बस्ती नजिक फैलिन थालेको छ।

स्थानीय प्रकाश तिवारीका अनुसार दैनिक रूपमा घर, सडक तथा आसपासका क्षेत्रमा कालो धुलो जम्ने समस्या बढेको छ। यस विषयमा मुख्य रूपमा नेपाल इन्टरमोडल ट्रान्सपोर्ट विकास बोर्डको भूमिकामाथि प्रश्न उठ्न थालेको छ। स्थानीयका अनुसार कोइला जस्ता धुलो उत्पन्न गर्ने सामग्रीको व्यवस्थापनका लागि आवश्यक संरचना बस्तीबाट टाढा राखिनुपर्ने भए पनि त्यसतर्फ ध्यान दिइएको छैन।

वीरगञ्जमहानगरपालिका-२५का वडाअध्यक्ष आशुतोष चतुर्वेदीले पटक-पटक सम्बन्धित निकायको ध्यानाकर्षण गराउँदा समेत कुनै सुनुवाइ नभएको गुनासो गरे। उनले तत्काल सुख्खा बन्दरगाहमा कोइला अनलोड गर्ने कार्य बन्द गर्नुपर्ने माग गरेका छन्।

उनका अनुसार यस विषयमा चाँडै सरकारसमक्ष डेलिगेसन जाने तयारी भइरहेको छ।

बन्दरगाह क्षेत्रमा मकै, सोयाबिन, चामल, चिनी, नुनजस्ता खाद्य सामग्री तथा मलसमेत ठूलो मात्रामा भण्डारण र ढुवानी हुने गर्दछ। यस्तो अवस्थामा कोइलाको धुलो ती वस्तुहरूमा मिसिन सक्ने जोखिमले खाद्य सुरक्षा र जनस्वास्थ्यमा गम्भीर असर पार्ने सम्भावना रहेको देखिएको छ।

# पानी परेपछि प्रदुषण घट्यो

**टुडे समाचारदाता**

मलंगवा। मधेशसहित मलंगवामा समेत मौसम सफा भएर उघ्रिएसँगै जनजीवन सामान्य बनेको छ।

यहाँ बिहानैदेखि चर्को घाम लागेको छ। यसअघि शुक्रबार बेलुकादेखि मध्यरातसम्म हावाहुरीसहित वर्षा र हिजो पनि दिनभर नै पानी परेको थियो।

मलंगवामा आइतबार भने मौसम उघ्रिएसँगै मानिसहरु नियमित काममा फर्किएका छन्। मौसम उघ्रिएर गाउँबस्ती, बजार तथा डाँडापाखा सबै छ्याङ भएर उघ्रिएको स्थानीयले बताएका छन्। पानी परेपछि धुलो, धुँवाको प्रदुषण न्यून भएको छ।

वन क्षेत्रमा लागेको डढेलो पनि तत्कालका लागि निभेको स्थानीयको भनाइ छ। पर्याप्त पानी परेपछि आकाशे वर्षाको भर रहेको चुरेभेग र पूर्वपश्चिम राजमार्ग आसपासका किसान खेतबारीमा मल हाल्ने, बाँझो खेतबारी जोत्ने, मकै रोप्नेलगायत काममा जुटेका छन्।

हावाहुरी र पानीले घोगा लागिसकेको हाइब्रिड मकैमा क्षति पुगेको छ। पाक्न लागेको गहुँ बाली, तरकारी, चना, मुसुरो, आलसलगायतका दलहन बालीमा पनि पानीले सामान्य क्षति गरेको किसानले बताएका छन्। यो वर्ष चैतको सुरुमै पर्याप्त पानी परेपछि सुक्खा क्षेत्रमा चाँडै घाँसका पालुवा पलाउने भएपछि पशुपालक किसानलाई समेत राहत मिलेको छ।

खोला, कुलो, नहरहरुमा पानी बग्न पाएको किसानले राहत पाउने छन्। पानी परेकाले सुकेका पानीका मुहानमा पुनः पानी रसाउन थालेको स्थानीय किसानहरु बताउँछन्।

पानी परेपछि निर्माणाधीन पूर्वपश्चिम राजमार्ग र भित्री कच्ची सडकहरुमा तत्कालका लागि धुलो उड्न कम भएको छ।

# एभरेष्ट चिनी उद्योगको लक्ष्य अधुरो

**टुडे समाचारदाता**

बर्दिबास। चालु आर्थिक वर्ष २०८२/०८३ को क्रसिङ याममा उखु अभावका कारण महोत्तरीको गौशाला नगरपालिका-१ को रामनगरस्थित एभरेष्ट चिनी उद्योगले आफ्नो निर्धारित लक्ष्य हासिल गर्न सकेको छैन।




उद्योगले यस वर्षमा ३१ लाख क्वीन्टल उखु क्रसिङ गर्ने लक्ष्य राखे पनि जम्मा २८ लाख ५३ हजार १७८ क्विन्टलमै सीमित हुन पुगेको जनाएको छ। यो लक्ष्यभन्दा करिब २ लाख ४७ हजार क्वीन्टल कम भएको जनाएको छ।

उद्योगका महाप्रबन्धक सुरेन्द्र शुक्लाले दिएको जानकारी अनुसार उखुको पर्याप्त आपूर्ति नहुँदा क्रसिङ प्रक्रिया पटक-पटक अवरुद्ध भएको थियो । उनले भने, 'उखु अभावकै कारण उद्योग सञ्चालनमा निरन्तरता दिन कठिन भयो । यसले समग्र उत्पादनमा असर पाऱ्यो।'

उद्योगले पुस ७ गतेदेखि सुरु गरेको क्रसिङ प्रक्रिया ८९ दिन सञ्चालनमा रहेको थियो । महोत्तरीमा पछिल्लो दशकमा उखुखेतीमा उल्लेख्य गिरावट आएको छ। एक दशकअघि १५ हजार बिघाभन्दा बढी क्षेत्रमा हुने उखुखेती चार वर्षअघि घटेर ५-६ हजार बिघामा सीमित भएको थियो । पछिल्ला वर्षहरूमा उद्योगले भुक्तानी प्रणाली केही सहज बनाएपछि खेती क्षेत्र बढ्दै हाल करिब ९ हजार बिघामा पुगेको छ।

उखु उत्पादक कृषक संघ महोत्तरीका अध्यक्ष नरेशसिंह कुशवाहाका अनुसार भुक्तानी प्रणाली सुधारिए पनि मूल्य निर्धारण र सरकारी अनुदानको विषयमा किसान अझै असन्तुष्ट छन् । उनले भने, 'किसानलाई लागतअनुसार मूल्य नपाउँदा उखुखेतीप्रति आकर्षण बढ्न सकेको छैन।'

किसानहरूले प्रतिक्विन्टल ७५० रुपैयाँ मूल्य माग गर्दै आए पनि सरकारले ६२० रुपैयाँ मूल्य र ७० रुपैयाँ अनुदान गरी कुल ६९० रुपैयाँ निर्धारण गरेको छ। बढ्दो उत्पादन लागत र महँगीको तुलनामा यो मूल्य न्यून भएको किसानहरूको गुनासो छ।

कुशवाहाले सरकारले किसानसँग पर्याप्त परामर्श नगरी एकपक्षीय रूपमा मूल्य निर्धारण गर्ने प्रवृत्तिले पनि समस्या झन् जटिल बनाएको गुनासो गरे । ' बाली तयार भएपछि मात्र मूल्य तोकिने हुँदा किसान कमजोर अवस्थामा पुग्छन्,' उनले भने।

उद्योगले उखुको भुक्तानी तौल भएको दुई साताभित्रै दिने व्यवस्था कायम गरेको जनाएको छ। फागुन २६ गतेसम्म तौल भएका २६ लाख ३२ हजार क्विन्टल उखुको करिब १ अर्ब ६२ करोड रुपैयाँ १ हजार १७४ किसानको बैंक खातामा भुक्तानी भइसकेको उद्योगले जनाएको छ।

उखु खेती विस्तारका लागि मूल्य, अनुदान र नीतिगत स्थायित्व आवश्यक रहेको सरोकारवालाहरूको भनाइ छ । अन्यथा कच्चा पदार्थको अभावले उद्योग सञ्चालनमै चुनौती थपिने र किसानको आम्दानीमा समेत प्रत्यक्ष असर पर्ने देखिन्छ।

बालबालिकालाई लागूऔषध दुरूपयोगबाट बचाऔं ।

- लागूऔषध सामाजिक अपराध हो कोही कसैले प्रयोग नगरौं,
- बालबालिकालाई लागूऔषधको प्रयोगबाट टाढा राखौं,
- बालबालिकाको संगतमा ध्यान दियौं,
- लागूऔषधबाट हुने हानि र कानूनी परिणामको बारेमा जानकारी दिऔं,
- बालबालिकासंग नियमित संवाद गर्ने गरौं,
- बालबालिकालाई घरमा माया र समय दिने गरौं,
- विद्यालयमै जीवन उपयोगी शिक्षा दिने गरौं,
- बालबालिकालाई सकारात्मक गतिविधिलाई प्रोतसाहन गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८